# सर्वोच्च अदालत, संयुक्त इजलास
## माननीय न्यायाधीश श्री रामकुमार प्रसाद शाह
## माननीय न्यायाधीश श्री गौरी ढकाल
## फैसला

पुनरावेदन नं..०६६-------- CR-------- 0016

मुद्दा :- **जाली राहदानी ।**

भवानी शोभराजको छोरा २० एभेन्यु “इभ्री” ७५०१३ पेरिस फ्रान्स घर

भै हाल कारागार शाखा, जगन्नाथ देवल, काठमाडौं अन्तर्गत केन्द्रीय

कारागारमा थुनामा रहेको चार्ल्स गुरुमुख शोभराज----------१ पुनरावेदक प्रतिवादी

**विरुद्ध**

प्र.ना.नि.अरुण सिंह समेतको प्रतिवेदनले, नेपाल सरकार------१ प्रत्यर्थी वादी

शुरु फैसला गर्ने :- **मा.न्या. श्री विश्वम्भर प्रसाद श्रेष्ठ**
**काठमाडौं जिल्ला अदालत**

पुनरावेदन फैसला गर्नेः- **मा.न्या. श्री मोहनप्रसाद घिमिरे**
**मा.न्या. श्री ईश्वरप्रसाद खतिवडा**
**पुनरावेदन अदालत पाटन**

पुनरावेदन अदालत पाटनको मिति २०६६।२।२१ को फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम प्रतिवादी चार्ल्स गुरुमुख शोभराजको यस अदालतमा पुनरावेदन परी पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार रहेको छः-

# तथ्य खण्ड

सन् १९७५ अप्रिल ७ तारेखमा हलैण्डका नागरिक BINTANJA HENRICUS को नाममा नेपाल आई काठमाण्डौं स्थित सोल्टी ओवेराय होटेलमा बसेकोमा निजले हाल पुनः फ्रेन्च नागरिक चार्ल्स शोभराज गुरुमुख (CHARLES SOBHRAJ GURUMUKH) को नाममा पासपोर्ट नं 02YI 18667 को राहदानी प्राप्त गरी काठमाडौँ आएकोले एकै व्यक्तिले फरक नाम र राष्ट्रियताबाट राहदानी लिएको देखिएकोले निज चार्ल्स शोभराज गुरुमुख (CHARLES SOBHRAJ GURUMUKH) ले अध्यागमन ऐन, २०४९ को वर्खिलाप काम कारवाही गरेको देखिएकोले निजले सन् १९७५ मा प्राप्त गरेको S 486920 नं. को राहदानी नं. उल्लेख गरी सोल्टी ओवेराय होटलको गेष्ट कार्डमा आफ्नो विवरण भरेको कार्डको छाँयाकपी, होटल मल्लको गेष्ट कार्डमा विवरण भरेको कार्डको छाँयाकपी र हाल निजको साथमा भएको 02YI 18667 नं. को पासपोर्ट सक्कलै र मानिस चार्ल्स शोभराज गुरुमुख (CHARLES SOBHRAJ GURUMUKH) लाई आवश्यक कारवाहीको लागि यसै साथ दाखिला गरेको छौं । कानूनबमोजिम कारवाही गरी पाऊँ भन्ने समेत व्यहोराको प्र.ना.नि.अरुण सिंह समेतले जिल्ला प्रहरी कार्यालय काठमाण्डौमा चढाएको मिति २०६०।६।२ को प्रतिवेदन ।

चार्ल्स शोभराज गुरुमुख (CHARLES SOBHRAJ GURUMUKH) ले सन् १९७५ अप्रिल ७ तारेखमा BINTANJA HENRICUS को नाममा हल्याण्डबाट एस ४८६९२० नं. को राहदानी प्राप्त गरेको र हाल पुनः फ्रेञ्च नागरिक चार्ल्स शोभराज गुरुमुख (CHARLES SOBHRAJ GURUMUKH) को नाममा 02YI 18667 को राहदानी प्राप्त गरी .सोही राहदानीको प्रयोगले नेपाल आएको, एकै व्यक्तिले फरक-फरक नाम र राष्ट्रियताबाट राहदानी लिई अध्यागमन ऐन, २०४९ को वर्खिलाप काम कारवाही गरेको हुँदा निजलाई कानून बमोजिम कारवाही हुन पठाइएको भन्ने जिल्ला प्रहरी कार्यालय काठमाडौँले अध्यागमन विभागलाई मिति २०६०।६।२ मा लेखेको पत्र ।

मेरो नाम चार्ल्स शोभराज गुरुमुख (CHARLES SOBHRAJ GURMUKH) हो । मेरो राष्ट्रियता फ्रान्सेली हो । मैले यसभन्दा अगाडि कुनै पनि फौजदारी अभियोगमा सजाय पाएको छैन । म टि.भि.तथा फिल्ममा सहायक निर्माताको रुपमा काम गर्छु । मैले नं. 02YI 18667 को फ्रान्सको राहदानी लिई हस्तकला सम्बन्धी अध्ययन अनुसन्धान गर्न भनी जेन्टलम्यान प्रोडक्सन फ्रान्सले पठाएकोले सन् 2003.9.1 मा नेपाल प्रवेश गरेको हुँ । यो भन्दा पहिले म नेपाल प्रवेश नै नगरेको र हल्याण्डको S 486920 को राहदानीबाट नेपाल नआएको साथै उक्त नम्वरको राहदानीसमेत लिएको छैन । सोल्टी ओवेरायमा भरेको रजिष्ट्रेशन र मल्ल गेष्ट हाउसको रजिष्ट्रेशन कार्डमा भएको सहिछाप मेरो होइन । मैले सो कार्ड भरेको होइन । देखाइएको कार्ड फोटोकपी भएको हुँदा यसको Original Copy बिना सद्दे वा जालसाजी भन्ने सम्बन्धमा म केही भन्न सक्दिन । विशेषज्ञले एकिन राय नदिएको र सम्भाव्यता व्यक्त गरेको हुँदा उक्त Opinion आफैंमा Valid छैन । HENRICUS BINTANJA को नामको पासपोर्ट प्रयोग गरी नेपाल नआएको भन्ने समेत व्यहोराको प्रतिवादी चार्ल्स शोभराज गुरुमुख (CHARLES SOBHRAJ GURMUKH) ले अध्यागमन विभागमा गरेको बयान ।

"We have herewith attached one copy of French Passport issued in following name and number. We would be grateful if you return this passport with after verification as soon as possible.
Name: Sobhraj, Gurmukh Charles
Passport No. 02YI 18667" भन्ने २२ सेप्टेम्वर २००३ को अध्यागमन विभागले फ्रान्स एम्वेशीलाई लेखेको पत्र ।

"With reference to your letter No. 873 dated 22 September 2003, The Embassy of French Republic, after having verify with the concerned French authorities, would like to inform you that the French Passport N0. 02YI 18667

carried by Mr. SOBHRAJ Charles Gurmukh is genuine". भन्ने EMBASSADE DE FRANCE AU NEPAL , Consular section ले २३ सेप्टेम्वर २००३ मा लेखेको जवाफी पत्र ।

केन्द्रीय प्रहरी वैज्ञानिक प्रयोगशाला काठमाडौँमा प्रतिवादी चार्ल्स शोभराज गुरुमुखले सन् १९७५ मा नेपाल प्रवेश गरी होटल मल्ल र होटल सोल्टी ओबेरायमा बस्दा भरेको होटल मल्लको गेष्ट जिष्ट्रेशन कार्ड नं. ०११९ र होटल सोल्टी गेष्ट रजिष्ट्रेशन कार्ड नं.६४४९ निज प्रतिवादीसँग लिएको अंग्रेजी हस्तलिपी दस्तखत नमुना र निजको नं. 02YI 18667 फ्रेन्च राहदानीमा रहेको हस्ताक्षर परीक्षणको लागि पठाइएकोमा "There is a considerable gap between the time interval of markings of signatures marked Q1 and Q2 when compared with the specimen signature (bearer signature in passport) however there are few similarities in the execution of signatures such as: manner of execution of initial letter what appears all letter 'S', starting of the signature; horizontal stroke at the ending of the signature with downward movement; nature and placement of under-scoring and habit of putting i dot. These observations indicates that there are common writing characteristics in signature on page 3 of French Passport No. 02YI18667 and signature marked Q1 and Q2 that suggest the **probability of common authorship"** भन्ने समेत व्यहोराको केन्द्रीय प्रहरी वैज्ञानिक प्रयोगशालाबाट मिति २०६०।६।२१ मा लेखी आएको पत्र ।

प्रतिवादी SOBHRAJ GURMUKH, CHARLES ले सन् १९७५ अप्रिल ७ मा नं. S 486920 बाहक BINTANJA HENRICUS को नाममा जारी भएको हल्याण्डको जाली राहदानी प्रयोग गरी नेपाल प्रवेश गरेको किटानी जाहेरी तथा केन्द्रीय प्रहरी वैज्ञानिक प्रयोगशालाको परीक्षण प्रतिवेदन एवं अन्य कागजातहरूबाट पुष्टि हुन आएको हुँदा निज प्रतिवादीले अध्यागमन ऐन, २०४९ को दफा ५(१)र (२) को

वर्खिलाप कसूर अपराध गरेकोले सोही ऐनको दफा १०(१) बमोजिम हदै सम्मको सजाय माग दावी लिई काठमाडौं जिल्ला अदालतमा अभियोगपत्र दायर गर्नलाई निर्णय गरी पठाइदिने व्यवस्था हुन अध्यागमन विभागले जिल्ला सरकारी वकील कार्यालय काठमाडौंमा २०६०।६।२२ मा लेखी पठाएको पत्र ।

यसमा निज प्रतिवादीले हल्याण्डको जाली राहदानी प्रयोग गरी आफ्नो नाउँ, उमेर, राष्ट्रियता ढाँटेको, झुट्टा विवरण दिएको जाली राहदानीको प्रयोग गरेको देखिएको र त्यस्तो जाली राहदानीको प्रयोग गरी नेपाल अधिराज्यभित्र प्रवेश, उपस्थिति र नेपाल अधिराज्यबाट प्रस्थान गरेको देखिई निज प्रतिवादीले अध्यागमन ऐन, २०४९ को दफा ५(१) र (२) को कसूर अपराध गरेको देखिँदा निज प्रतिवादी SOBHRAJ GURMUKH, CHARLES लाई सोही ऐनको दफा १०(१) बमोजिम सजायको माग दावी लिई मुद्दा चलाउने निर्णय गरिएको, साथै प्र.ह.गुणराज अधिकारीको जाहेरीले वादी श्री ५ को सरकार प्रतिवादी निज चार्ल्स शोभराज गुरुमुख (CHARLES SOBHRAJ GURMUKH) समेत भएको कर्तव्य ज्यान मुद्दा मिति २०३३।६।७ मा काठमाडौं जिल्ला अदालतमा पेश गरिएको, निज प्रतिवादीलाई काठमाण्डौं जिल्ला अदालतमा कर्तव्य ज्यान मुद्दामा पेश गर्न बाँकी नै रहेको भनी जिल्ला प्रहरी कार्यालयको मिति २०६०।६।२७ को च.नं.२२८६ को पत्रबाट लेखि आएकोले प्रस्तुत जाली राहदानी मुद्दाबाट छुटी जाने भएमा जिल्ला प्रहरी कार्यालय, काठमाडौंमा जिम्मा लगाई दिन समेत अभियोगपत्रमा उल्लेख गर्न र काठमाडौं जिल्ला अदालतसमक्ष मुद्दा दायर गर्न प्रस्तुत निर्णयको प्रतिलिपि सहितको मिसिल अध्यागमन विभागमा पठाई दिनु भनी जिल्ला सरकारी वकील कार्यालय काठमाडौंबाट मिति २०६०।६।२७ मा भएको निर्णय ।

प्रतिवादी SOBHRAJ GURMUKH, CHARLES ले सन् १९७५ अप्रिल ७ मा मा नं. S 486920 वाहक BINTANJA HENRICUS को नाउँमा जारी भएको

हल्याण्डको जाली राहदानी प्रयोग गरी आफ्नो नाम, उमेर, राष्ट्रियता ढाँटेको, झुट्ठा विवरण दिएको र त्यस्तो जाली राहदानी प्रयोग गरी नेपाल अधिराज्यभित्र प्रवेश, उपस्थिति र नेपाल अधिराज्यबाट प्रस्थान गरेको किटानी जाहेरी तथा केन्द्रीय प्रहरी बैज्ञानिक प्रयोगशालाको परीक्षण प्रतिवेदन एवं मिसिल संलग्न अन्य कागजातहरूबाट पुष्टि हुन आएको हुँदा निज प्रतिवादीले अध्यागमन ऐन, २०४९ को दफा ५(१) र (२) को वर्खिलाप कसूर अपराध गरेकोले सोही ऐनको दफा १०(१).बमोजिम हदैसम्म सजाय गरिपाऊँ भन्ने समेत व्यहोराको मिति २०६०।६।२८ मा दर्ता भएको अभियोगपत्र ।

मिसिल संलग्न रहेको Passport देखाउँदा देखेँ, चिनेँ । उक्त Passport मैले France बाट लिएको हुँ । यो मैले लिएको Passport सद्दे र साँचो हो । म यसभन्दा अगाडी नेपाल आएको छैन । म प्रथम पटक 1 Sept 2003 मा Kathmandu Airport बाट नेपाल आएको हो । मेरो कम्पनीको लागि नेपाली हस्तकला सम्बन्धी डकुमेन्ट्री फिल्म बनाउनको लागि म नेपाल आएको हो । अधिकार प्राप्त अधिकारी समक्षको बयानमा भएको सहिछाप मेरो हो । बयानमा लेखिएको व्यहोरा ठीक हो । सोल्टी ओवेरायमा भरेको रजिष्ट्रेशन कार्ड र मल्ल होटलको गेष्ट रजिष्ट्रेशन कार्डहरूमा भएको सहिछाप मेरो होइन । साथै उक्त कार्ड मैले भरेको होइन । देखाइएको उक्त कार्ड फोटोकपी हो । यसको Original Copy बिना यसलाई सद्दे वा जाली के हो भन्ने सम्बन्धमा म केही भन्न सक्दिन । विशेषज्ञले एकिन राय नदिएको र सम्भाव्यता व्यक्त गरेको हुँदा सो Opinion आफैमा Valid छैन । अभियोगपत्रमा उल्लेख भए अनुसारको BINTANJA HENRICUS को पासपोर्ट मैले प्रयोग गरी नेपाल आएको होइन । यसरी मैले कुनै कसूर अपराध नगरेको हुँदा मलाई कुनै सजाय हुनु पर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी चार्ल्स शोभराज गुरुमुख (CHARLES SOBHRAJ GURMUKH) ले काठमाडौँ जिल्ला अदालतमा गरेको बयान ।

प्रतिवादीले १९७५ मा नेपाल प्रवेश गर्दा विन्टान्जा हेनरीकस (BINTANJA HENRICUS) को राहदानीबाट आएको तथ्य होटल मल्ल र होटल सोल्टीमा रजिष्ट्रेशन कार्ड भर्दाको छाँयाकपीबाट देखिने र हाल चार्ल्स शोभराज (CHARLES SOBHRAJ) को नाउँबाट नेपाल प्रवेश गरेकोले कारवाही गरिपाऊँ भन्ने प्रहरी प्रतिवेदन भएको र निजउपर १९७५ मा नेपाल प्रवेश गर्दा विन्टान्जा हेनरीकस (BINTANJA HENRICUS) का नामबाट आएका यी चार्ल्स शोभराज गुरुमुख (CHARLES SOBHRAJ GURMUKH) लाई अध्यागमन ऐन, २०४९ बमोजिम सो ऐनको दफा ५ (१) र (२) को कसूर गरेको भनी अभियोग दायर गरेको देखियो । सो ऐनको बनावट हेर्दा सो ऐन लागु हुनु पूर्वका अवस्थामा अध्यागमन ऐनमा उल्लेख भएका कसूरजन्य अपराधका सम्बन्धमा सो ऐनले कारवाही गर्न मिल्ने प्रष्ट प्रावधान उल्लेख छन् भनी वादी पक्षले यस इजलाससमक्ष देखाउन सकेको अवस्था छैन भने प्रतिवादीले आफू कसूर गरेमा इन्कार रहेको अवस्था समेत हुँदा र वादीले होटेल सोल्टीमा र होटल मल्लमा रजिष्टेशन कार्ड भर्दा अर्कै व्यक्तिको नामबाट यी प्रतिवादीले भरी सही गरेको भन्ने आधारमा यी प्रतिवादीलाई तत्काल प्राप्त प्रमाणको आधारमा थुनामा राख्ने अवस्था नहुँदा मुद्दामा पछि बुझ्दै जाँदा ठहरे बमोजिम हुने नै हुँदा हाल निज प्रतिवादी चार्ल्स शोभराज गुरुमुख (CHARLES SOBHRAJ GURMUKH) लाई मुद्दा पूपर्क्ष गर्न मुलुकी ऐन, अदालती वन्दोवस्तको ४७ नं. अनुसार तारेखमा राख्नु भन्ने समेत व्यहोराको काठमाडौँ जिल्ला अदालतको मिति २०६०।६।२९ को थुनछेक आदेश ।

परीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विवादित हस्ताक्षर र नमुनामा भएको पासपोर्टको हस्ताक्षर एक अर्कासँग भिडाएर हेर्दा अक्षरको शुरुवातमा भएको अक्षर S र त्यस हस्ताक्षरमा भएका अन्य गुणहरूको आधारमा परीक्षण प्रतिवेदन तयार पारिएको हो । उक्त परीक्षण प्रतिवेदनमा हस्ताक्षरमा भएका सम्पूर्ण विवरणहरू खुलाईएको छ । उक्त हस्ताक्षरहरू एक अर्कासँग भिडाएर हेर्दा त्यस हस्ताक्षरमा भएको गुणहरूमा

समानता देखिएकोले उक्त प्रतिवेदनमा हस्ताक्षरहरू एकै व्यक्तिको हुन सक्ने व्यहोरा उल्लेख गरिएको छ । सक्कल लिखत ल्याउन नसकेको खण्डमा सो कागजातको फोटोको आधारमा पनि परीक्षण प्रतिवेदन तयार गरिन्छ । सोही अनुसार उक्त परीक्षण प्रतिवेदन तयार पारिएको हो । सम्पूर्ण कुराहरू परीक्षण प्रतिवेदनमा खुलाइएको छ । अक्षरमा पाईने आकारप्रकार, अक्षरको बनावट र लेखावट अनुसार नै अक्षरहरूलाई एक अर्कासँग भिडाएर हेरिन्छ भन्ने हस्ताक्षर विशेषज्ञ प्र.ना.नि.उदय जंगबहादुर राणाको वकपत्र ।

यी प्रतिवादीले BINTANJA HENRICUS को नाउँबाट जाली राहदानी लिई १९७५ मा नेपालमा प्रवेश गरेको कार्यलाई तत्काल प्रचलित विदेशी सम्बन्धी ऐन, २०१५ र विदेशी सम्बन्धी नियमावली, २०३२ ले कसूर अपराध कायम गरेको नदेखिएको र पछि २०४९ सालमा प्रादुर्भाव भएको अध्यागमन ऐनले २०३२ सालको उक्त कार्य कसूर अपराध मानी समेट्न सक्ने कानूनी व्यवस्थासमेत नभएको र तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरेमा कुनै व्यक्तिलाई सजाय हुन नसक्ने भन्ने संवैधानिक र कानूनी व्यवस्था भएको सन्दर्भमा प्रतिवादीलाई सजाय गर्न नमिल्ने भएकोले प्रस्तुत मुद्दा दायर हुन सक्ने अवस्था नदेखिँदा अ.वं.१८० नं.अनुसार खारेज हुने ठहर्छ भन्ने समेत व्यहोराको काठमाडौँ जिल्ला अदालतको मिति २०६१।४।२८ को फैसला ।

तत्कालीन अवस्थामा प्रचलित विदेशी सम्बन्धी नियमावली, २०३२ मा अर्काको नामबाट जाली राहदानी लिई नेपाल प्रवेश गरेको कार्यलाई कसूर अपराध गरेको भन्ने कानूनी व्यवस्था रहेभएको देखिएन भन्दै तत्कालीन नेपालको संविधान २०१९ को धारा ११(३) र तत्काल प्रचलित विदेशी सम्बन्धी ऐन नियमले समेत कसूर अपराध नमानेको हुँदा खारेज हुन्छ भनियो । तर तथ्य स्थापित गर्दै ठहर सरह बोलियो । यसरी कर्तव्य ज्यान मुद्दामा समेत असर पर्ने गरी सोही मुद्दाको आधारमा ठहर बोलिएकोले खारेजी

फैसला हुँदासमेत फैसलामा अनावश्यक रुपमा ठहर सरह तत्काल अर्काको नाउँबाट काठमाडौं नेपाल आएको स्थापित भएको भन्ने लगायतको बेप्रमाणित र बेसरोकारको कुरा लेखिएको हदसम्म बदर गरी सम्पूर्ण झुट्ठा अभियोग खारेज गरी पाऊँ भन्ने समेत प्रतिवादी चार्ल्स शोभराज गुरुमुख (CHARLES SOBHRAJ GURMUKH) को पुनरावेदन अदालत पाटनमा २०६१।७।१३ मा पर्न आएको पुनरावेदनपत्र ।

यी प्रतिवादी चार्ल्स शोभराज गुरुमुख (CHARLES SOBHRAJ GURMUKH) हुन् भन्ने व्यहोरा हाल यी फ्रेन्च नागरिकले फ्रेन्च राहदानी नं.02YI 18667 धारण गरी नेपाल प्रवेश गरेबाट स्पष्ट भएको छ । यिनै व्यक्तिले नेपाल प्रवेश गर्दा सन् १९७५ अप्रिल ७ मा BINTANJA HENRICUS नाममा हल्याण्डबाट जारी भएको S 486920 नं. को राहदानी प्रयोग गरेको तथ्य निजले तत्काल सोल्टी होटल र मल्ल होटलमा बस्दा भरेको गेष्ट रजिष्ट्रेशन कार्डमा प्रयोग भएको हस्तलिपी दस्तखत र हालको नमूना दस्तखतबीच मेल खाएको भन्ने विशेषज्ञको प्रतिवेदनबाट प्रमाणित भएबाट यी प्रतिवादीले नाम, उमेर, राष्ट्रियता ढाँटी झुट्ठा विवरण पेश गरी जाली राहदानीबाट नेपाल प्रवेश, उपस्थिति र प्रस्थान गरेको देखिन्छ । सो समयमा निजले गरेको कसूर जाली राहदानी प्रयोग गरेको भन्नेमा अदालतसमेत सहमत भै सकेको, तर तत्काल प्रचलित कानूनले यसलाई कसूर कायम नगरेको भन्ने आधार लिई काठमाडौं जिल्ला अदालतबाट मुद्दा खारेज गरिएको तर्फ हेर्दा तत्काल सो समयमा लागू रहेको विदेशीहरू सम्बन्धी ऐन, २०१५ को दफा १० ले यस ऐन अन्तर्गत जारी आदेश वा नियम उल्लंघन हुने गरी कुनै काम गरे यस ऐनको दफाहरू उल्लंघन गरेको मानिने भन्ने व्यवस्था गरी दफा ११ ले सो कार्यलाई दण्डनीय भनी तोकेको छ । विदेशी सम्बन्धी नियमावली, २०३२ को परिच्छेद २ मा भिषा सम्बन्धी कार्यविधि तोकी उक्त प्रयोजनको लागि अनुसूची १(क) मा फारम व्यवस्थित गरी विवरणहरू निर्धारित छन् । नेपाल प्रवेशका लागि आवश्यक पर्ने भिषा प्राप्तिको लागि उल्लेख गरिनु पर्ने ती विवरणहरू प्रतिवादीले ढाँटेमा उक्त ऐनको दफा १० अन्तर्गत दण्डनीय

हुने प्रष्ट छ । विदेशी सम्बन्धी ऐन, २०१५ ले प्रतिवादीबाट भएको कार्यलाई कसूर कायम गरेको र उक्त ऐन खारेज गरी लागू भएको अध्यागमन ऐन, २०४९ को दफा ५(१) र (२) ले पनि पूर्ववत कसूरलाई कसूर ठहराएको हुँदा कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा ४(ङ) ले खारेज भै सकेको ऐनको कसूर चालु ऐनमा पनि समाविष्ट भएबाट चालु ऐनको मागदावी लिन मिल्दैन भन्न मिल्ने होइन । प्रतिवादीको प्रमाणित कसूरजन्य कार्यमा सजाय हुनु पर्नेमा खारेज गरेको त्रुटिपूर्ण हुँदा यी प्रतिवादीले जाली राहदानी प्रयोग गरी नाम, उमेर, राष्ट्रियता ढाँटी नेपाल प्रवेश, उपस्थिति र प्रस्थान गरेको देखिए पनि तत्काल प्रचलित कानूनले यसलाई कसूर कायम नगरेको भन्ने आधार लिई खारेज गरेको शुरु फैसला तथ्य एवं कानून समेतको प्रतिकूल भएकोले उक्त फैसला बदर गरी न्याय प्रशासन ऐन, २०४८ को दफा १४ बमोजिम हुन सादर अनुरोध छ भन्ने समेत वादी श्री ५ को सरकारका तर्फबाट पुनरावेदन अदालतमा पाटनमा पर्न आएको पुनरावेदनपत्र ।

यसमा प्रतिवादीउपर वादी श्री ५ को सरकारको पनि शुरु फैसलाउपर पुनरावेदन परेको व्यहोराको जानकारी प्रतिवादीलाई र प्रतिवादीको पुनरावेदन परेको व्यहोरा पुनरावेदन सरकारी वकील कार्यालय पाटनलाई दिई नियमानुसार पेश गर्नु भन्ने पुनरावेदन अदालत पाटनको आदेश ।

हाल प्रचलित नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४ (१) मा तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरे वापत कुनै व्यक्ति सजायको भागी हुने छैन भन्ने संवैधानिक व्यवस्था अनुरुप प्रतिवादीलाई अभियोग माग दावीबमोजिम सजाय गर्न नमिल्ने भएकोले प्रस्तुत मुद्दा नै दायर हुन सक्ने नदेखिँदा खारेज हुने ठहर गरेको शुरुको फैसला मिलको देखिँदा सदर हुने ठहर्छ भन्ने समेत व्यहोराको पुनरावेदन अदालत पाटनको मिति २०६२।४।२० को फैसला ।

नेपाल प्रवेशका लागि आवश्यक पर्ने भिषा प्राप्तिको लागि उल्लेख गरिनु पर्ने विवरणहरू प्रतिवादीले ढाँटेवापत उक्त कार्य विदेशीहरू सम्बन्धी ऐन, २०१५ को दफा १० र ११ अन्तर्गत दण्डनीय छ । अध्यागमन ऐन, २०४९ को दफा ५(१)(२) ले पनि पूर्ववत कसूरलाई कसूर नै कायम गरेको हुँदा अध्यागमन ऐन २०४९ दफा १९(२) एवं नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा ४ (ङ) खारेज भै सकेको ऐनको कसूर चालु ऐनमा पनि समाविष्ट भएबाट चालु ऐन अनुसारको माग दावी लिन मिल्दैन भन्न मिल्ने होइन । प्रतिवादी उपरको अभियोग दावी खारेज गर्ने गरी भएको शुरु फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत पाटनको फैसलामा अ.वं.१८० नं. अध्यागमन ऐन, २०४९ को दफा ५(१) (२), नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा ४ (ङ) को गम्भीर कानूनी त्रुटी हुनुको साथै प्रतिपादित कानूनी सिद्धान्त समेतको पालना नभएको हुँदा उक्त फैसला बदर गरी प्रतिवादीलाई अभियोग माग दावीबमोजिम सजाय गरी पाउन मुद्दा दोहोर्‍याई हेरी पाऊँ भन्ने नेपाल सरकारको यस अदालतमा दर्ता भएको निवेदनपत्र ।

खारेजी फैसलामा प्रमाण ऐन, २०३१ एवं सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त समेतको विपरित भएको शुरु काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर गरी प्रस्तुत मुद्दामा सोही त्रुटिको पुनरावृति भएको हुँदा खारेजी फैसलाबाट लगाउको ज्यान मुद्दामा असर परिरहेको हुँदा न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१) (क) (ख) अन्तर्गत मुद्दा दोहोर्‍याई पाऊँ भन्ने प्रतिवादीले यस अदालतमा दर्ता गरेको निवेदनपत्र ।

विदेशी सम्बन्धी ऐन, २०१५ को प्रस्तावनामा विदेशीहरूको प्रवेश उपस्थिति र प्रस्थानलाई नियन्त्रण, निषेध वा नियमित गर्नको निमित्त उचित व्यवस्था गर्न आवश्यक परेको भनी स्पष्ट व्याख्या गरेको र ऐनको दफा १० र ११ मा सो ऐन अन्तर्गत बनेको नियमको उलंघनलाई ऐनकै उल्लंघन मानेको र दफा ११ मा त्यस्तो

उल्लंघन दण्डनीय भै सजायको व्यवस्था गरेको देखिन्छ । विदेशी सम्बन्धी नियम २०३२ को नियम ३ मा कुनै पनि विदेशीले भिषा नलिई नेपाल प्रवेश गर्न निषेध गरेको देखिन्छ । प्रतिवादी चार्ल्स शोभराज (CHARLES SOBHRAJ) ले नाम ढाँटी अर्काको नामबाट नेपाल प्रवेश गरेको निष्कर्ष निकालेको अवस्थामा उल्लेखित नियमावली वर्खिलाप प्रतिवादी नेपाल प्रवेश गरेको भनी मान्नु पर्ने र त्यस अवस्थामा सो कार्य दण्डनीय हुने नै देखिन्छ । अध्यागमन ऐन, २०४९ को दफा १९ (१), (२) हेर्दा अघि विदेशी सम्बन्धी ऐन र सो अन्तर्गतको नियम बमोजिम भएगरेको कार्यहरूलाई अध्यागमन ऐन, २०४९ बमोजिम नै भएगरेको मानेको अवस्थामा अध्यागमन ऐन, २०४९ बमोजिम मुद्दा दायर हुन सक्ने नै देखिन्छ । पुनरावेदन अदालतले प्रस्तुत मुद्दा खारेज गर्दा विदेशीहरू सम्बन्धी ऐन, २०१५ को दफा १० र ११ ऐ.को नियमावली, २०३२ को नियम ३ र अध्यागमन ऐन, २०४९ को दफा १९ (१) (२) को गलत प्रयोग गरेको देखिँदा उल्लेखित ऐन र नियमको उल्लेखित दफाहरूको व्याख्यामा गम्भीर कानूनी त्रुटि गर्नुकासाथै ने.का.प.२०५८ अंक ३/४ पृष्ठ १८८ नि.नं.६९९२ मा प्रतिपादित कानूनी सिद्धान्तको पालनासमेत गरेको नदेखिँदा न्याय प्रशासन ऐन, २०४८ को दफा १२ को उपदफा १ को खण्ड (क) र (ख) बमोजिम प्रस्तुत मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान गरिएको छ भन्ने यस अदालतको मिति २०६४।९।४ को आदेश ।

प्रतिवादीउपर जाली राहदानी सम्बन्धमा अभियोगपत्र दायर गर्दा होटल सोल्टी ओवेरायको गेष्ट रजिष्ट्रेशन कार्ड नं. ६४४९ र होटल मल्लको गेष्ट रजिष्ट्रेशन कार्ड नं.०११९ को प्रमाण दिंदै प्रमाण खण्डमा फोटो प्रतिलिपी प्रमाणमा दिएको देखिएको तर अभियोग दायर गर्दा उक्त लिखतहरूको फोटो वा प्रतिलिपी प्राप्त भएको श्रोत र सक्कल कार्डहरू नै प्रयोग वा पेश नगरी फोटो वा प्रतिलिपी पेश गर्नुपर्नाको कारण अभियोगपत्रमा उल्लेख भएको नदेखिएकोले तत्काल उक्त फोटो वा प्रतिलिपी प्राप्त भएको श्रोत र सक्कल कार्डहरू नै प्रयोग वा पेश नगरी फोटो वा प्रतिलिपी पेश गर्नु पर्नाको कारण अभियोगपत्रमा उल्लेख भएको नदेखिएकोले तत्काल उक्त फोटो वा

प्रतिलिपी प्राप्तिको श्रोत र अभियोगपत्रमा त्यसलाई आधार बनाउनाको कारण सम्बन्धमा कुनै प्रमाणिक अभिलेख भए पेश गर्नु भनी महान्यायाधिवक्ताको कार्यालयलाई लेखि पठाई नियमबमोजिम पेश गर्नु भन्ने यस अदालतको मिति २०६५।२।२२ को आदेश ।

शुरु एवं पुनरावेदन अदालतले जाली राहदानी सम्बन्धी दावीको सम्बन्धमा इन्साफ नबोली दावी नै खारेज गर्ने गरेको कार्य कानूनको गलत व्याख्या गरी गरेको देखिएकोले बदर गरी दिएको छ । अब न्याय प्रशासन ऐन, २०४८ को दफा १४(१) बमोजिम प्रतिवादीले जाली राहदानी प्रयोग गरी नेपाल प्रवेश गरे नगरे सम्बन्धमा जो जे बुझ्नुपर्छ बुझी इन्साफ गर्नु र पुनरावेदन परे पुनरावेदन सहित र नपरे अवधि नाघेपछि मिसिल समेत यस अदालतमा बाँकी रहेको यिनै प्रतिवादी उपरको ज्यान मुद्दाको प्रयोजनका लागि पठाउनु भनी दायरीको लगत कट्टा गरी प्रस्तुत मिसिल समेत पुनरावेदन अदालत, पाटनमा पठाई दिने ठहर्छ भन्ने यस अदालतको मिति २०६५।९।२९ को फैसला ।

प्रमाण परिवन्ध अर्थात परिस्थितिजन्य प्रमाणका आधारमा सन् १९७५ डिसेम्वर तदनुसार २०३२ साल पौषमा यी प्रतिवादी चार्ल्स शोभराज गुरुमुख अर्काको नाउँको राहदानी प्रयोग गरी अवैध तवरबाट नेपाल सरहदभित्र प्रवेश गरेको तथ्य प्रमाणित हुन आएको देखियो । अर्काको नाउँको राहदानी प्रयोग गर्नु र राहदानीको अभावमा नेपाल प्रवेश गर्नु दुवै स्थितिले परिणामतः एकै निष्कर्ष निस्कन पुग्दछ । यो कार्य विदेशी सम्बन्धी ऐन, २०१५ को दफा ५(१) सपठित विदेशी सम्बन्धी नियमावली, २०३२ को नियम ३(१) एवं अध्यागमन ऐन, २०४९ को दफा ५(१) र (२) समेतका कानूनद्धारा निषेधित कार्य देखिनआयो । उल्लेखित दुवै ऐनले निषेधित गरेको र पछिल्लो ऐन (अध्यागमन ऐन, २०४९) ले साविक विदेशी सम्बन्धी ऐन, २०१५ को दफा ११ ले गरेको भन्दा वढी सजायको व्यवस्था गरेको देखिन आयो । दुवै ऐनले प्रतिवादी चार्ल्स

शोभराज गुरुमुखको कार्यलाई निषेध गरेको देखिएको सन्दर्भमा कानूनको व्याख्या सम्बन्धी सिद्धान्त एवम् फौजदारी न्याय सम्बन्धी सिद्धान्तअनुसार कसूर हुँदाको अवस्थामा बहाल रहेको कानूनले तोकेको भन्दा वढी सजाय गर्न नमिल्ने भएबाट साविक २०१५ सालको विदेशी सम्बन्धी ऐनले तोकेको हद ननाघ्ने गरी सजाय निर्धारण गर्नुपर्ने अवस्था देखिन आयो । अतः माथि विवेचना गरिएका कुराहरूका आधारमा प्रतिवादी चार्ल्स शोभराज गुरुमुख (CHARLES SOBHRAJ GURMUKH) सन् १९७५ डिसेम्वर तदनुसार २०३२ साल पौषमा जाली राहदानी (अर्काको नाउँको राहदानी) प्रयोग गरी नेपाल प्रवेश गरेको तथ्य प्रमाणित भएकोले निजलाई अभियोगपत्र माग दावीबमोजिम अध्यागमन ऐन, २०४९ को दफा ५(१) र (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १०(१) बमोजिम १ (एक) वर्ष कैद र रु.२०००।- (दुईहजार रुपैया) जरिवाना समेत हुने ठहर्छ । सो बमोजिम नगरी मुद्दा खारेज हुने ठहर गरेको शुरु काठमाडौं जिल्ला अदालतको मिति २०६१।४।२८ को फैसला मिलेको नदेखिँदा उल्टी हुन्छ भन्ने समेतको पुनरावेदन अदालत पाटनको मिति २०६६।२।२१ को फैसला ।

नेपाल प्रवेश गरेको छ छैन भनी स्वतन्त्र रुपमा सवूद प्रमाणको मूल्यांकन गरी हेर्न प्रस्तुत मुद्दा पुनरावेदन अदालत पाटनमा पठाएको, तर पुनरावेदन अदातल पाटनले फैसला गर्दा त्यसो नगरी मुख्यतः कर्तव्य ज्यान मुद्दामा सोही अदालतबाट भएको २०६२।४।२० को फैसलाकोआधार मात्र लिइएको छ । मैले जाली राहदानी प्रयोग गरी नेपाल प्रवेश गरेको भन्ने तथ्ययुक्त तवरबाट प्रमाणित गर्न सकेको छैन । मुख्यतः परिस्थितिजन्य प्रमाणको रुपमा ग्रहण गरिएको भन्ने आधारबाट सो ज्यान मुद्दामा अ.वं.२०२ नं.बमोजिम विपक्षी झिकाउने आदेश भई माथिल्लो अदालतमा विचाराधीन रहेको मुद्दामा प्रतिकूल असर पर्ने गरी तल्लो तहको अदालतबाट बोलिएको ठाडै न्यायिक परिपाटी र मान्यता विपरित हुन गएको छ । मैले कुन मिति गतेमा नेपाल प्रवेश गरेको हो भनी किटानी ठहर गर्न नसकेको र जाली राहदानी प्रयोग गरी नेपाल

प्रवेश गरेको कुनै सवूद प्रमाण औल्याउन सकेको छैन । मिसिल संलग्न रहेको अध्यागमन विभागले जिल्ला सरकारी वकील कार्यालयलाई पठाएको मिति २०६०।६।२७ मा च.नं.१०१२ को पत्रमा ७ अप्रिल १९७५ मा नेपाल प्रवेश गरेको भन्ने उल्लेख भएको सो जाली राहदानी सम्बन्धमा सोही वेला नै छानवीन गरी प्रमाण फेला नपरेकोले त्यतिवेलै अनुसन्धान कार्य टुंगिएकोमा करिव ३० वर्ष पछि प्रस्तुत मुद्दा खडा गरिएको वदनियतपूर्ण रहेको स्पष्टै छ ।

पुनरावेदन अदालत पाटनको फैसलामा गेष्ट रजिष्ट्रेशन कार्ड उल्लेख गरिएको छ तर प्रस्तुत मुद्दामा दुईवटा होटल सोल्टी र होटल मल्लको दुवै कार्डहरूका सक्कल प्रति छैनन् । केवल फोटो मात्र पेश भएका छन् । वादी सक्कल कार्ड पेश गर्न असमर्थ रहेको र ती कार्डहरू कुनै बरामदी मुचुल्काद्वारा वा आधिकारिक पत्रद्वारा प्राप्त नभएका हुँदा मेरो विरुद्ध प्रमाण लाग्न सक्ने होइन । यी कार्डहरूको हस्ताक्षर जाँचको विशेषज्ञको रायको निष्कर्ष हेरिएमा Probability of common authorship भनी उल्लेख भएको हुँदा ठोकुवा राय नभई सम्भावना मात्र देखाएको, केवल अनुमानको आधारमा दिएको राय ठोस प्रमाणको रुप लिन नमिल्ने भन्ने कानूनी सिद्धान्त ने.का.प.२०४८ नि.नं.४२८७ पृष्ठ १८६ अंक ५मा प्रकाशित भएको छ । गेष्ट रजिष्ट्रेशन कार्डहरू सम्बन्धमा वास्तवमा कर्तव्य ज्यान मुद्दामै विशेषज्ञको राय सम्बन्धमा वोलिने अवस्थामा न्यायकर्ताज्यूहरूले फोटोकपी हेरेर ट्वाकै हस्ताक्षर भिड्छ भनी ठहर गरिएकोबाट मलाई जसरी पनि कसूरदार करार गर्ने उद्देश्य एवं मनसाय रहेको छर्लङ्ग हुन्छ । आवश्यक अनुसन्धान र सवूद प्रमाणको उचित मूल्यांकन वेगर मलाई जवरजस्ती कसूरदार करार गरिएको छ । तत्कालीन एस.पी. चन्द्रवीर राईको मिति २०३३।४।२० को प्रतिवेदन आफैले प्रत्यक्ष रुपमा अनुसन्धान गर्नुभएको देखिन्न । अन्य कागजातका आधारमा एउटा प्रतिवेदनसम्म तयार गर्नु भएको सो प्रतिवेदन स्वयं प्रमाण नभई अन्य स्वतन्त्र प्रमाणबाट Corroborated नभएकोले Gospel truth को रुपमा लिइनु हुन्न । यही प्रतिवेदनको पृष्ठ १ मा १८ डिसेम्वर १९७५ देखी ऐ २४

सम्म होटल सोल्टीको कोठा नं.४१५ मा बसेको भन्ने छ भने अध्यागमन विभागले जिल्ला सरकारी वकील कार्यालयलाई पठाएको २०६०।६।२७ च.नं.१०१२ को पत्रमा म ७ अप्रिल १९७५ मा HENRICUS BINTANJA को राहदानी प्रयोग गरी नेपाल प्रवेश गरेको भन्ने उल्लेख छ । तसर्थ यस्ता विवादस्पद एवं Hypothetical कुराहरूले भरिएको प्रतिवेदनलाई पुनरावेदन अदालतले gospel truth को रुपमा लिएको ठाडै कानून विपरित छ ।

मैले भारत नयाँ दिल्लीमा दिएको भनिएको बयानको प्रमाणित प्रतिलिपी मिसिल सामेल नभएको तथाकथित बयान मेरो विरुद्धमा प्रमाणमा लिन मिल्दैन । यस्तो बयानलाई आधार मानी फैसला हुनु न्यायिक मनको प्रयोग नगरी म प्रतिको पूर्वाग्रहको नमूना मात्र हो । चालक पूर्णबहादुर महर्जनको वकपत्र हेर्दा २०३२ पौष १ देखि १५ गते सम्मको कुनै कुरा याद नभएको भनी स्वीकार गरेको र वादी दावी बमोजिम मौका मै अर्थात मोटर लैजाँदा निजले मलाई देखेको भन्न सकेको छैन, पत्रिका हेरेको पढेको आधारमा मात्र पहिचान गरेको भन्ने वकपत्र मेरो विरुद्ध प्रमाण लाग्दैन । होटल सोल्टीको कोठामा फेला पारिएको भनिएको मनीव्याग त्यस्तो फेला पारिएको कुनै बरामदी मुचुल्का समेत रहेको छैन । मृतकको डायरीमा मेरो नाम र ठेगाना उल्लेख भएको भन्ने सम्बन्धमा मृतक बसेको झोंछे स्थित ओरिएन्टल लजको कोठा नं.९ मा खडा गरिएको २०३२।९।१८ को मुचुल्कामा डायरी फेला परेको देखिन्न । यस्तो अस्तित्वविहीन मनीव्याग र डायरीको सम्बन्धमा फैसलामा आधार लिइनु मिसिल अध्ययन नगरी निष्कर्षमा पुगेको भनी सहजै अनुमान गर्न सकिन्छ । जहाँसम्म KIRSTY M. MACMILLAN ले सन् १९७५।१२।२४ मा गरेको भनिएको कागजलाई प्रमाण ऐन, २०३१ को दफा १८ को कसीमा राखी परीक्षण गरिएको छैन । यदि मैले आफूलाई डच नागरिक HENRICUS BINTANJA भनी परिचय गराएको भए भियतनामी पनि भन्ने अवस्था हुन्न र कुनै प्रमाण नभएको कारण ३० वर्षसम्म जाली राहदानी मुद्दा पनि चलाइएन । यस सम्मानित अदालतबाट भएको २०६५।९।२९ को

फैसलाको निर्देशन एवं मर्म विपरित फैसला भएगरेको तथा प्रचलित कानून एव फौजदारी न्याय सिद्धान्त विपरित र नेपालले हस्ताक्षर गरेको Conventian on civil and political Rights को मर्म समेत विपरित फैसला हुन गएको हुँदा पुनरावेदन अदालत पाटनबाट भएको मिति २०६६।२।२१ को त्रुटिपूर्ण फैसला एवं शुरु काठमाडौं जिल्ला अदालतको २०६१।४।२८ को फैसलासमेत बदर गरी मलाई सफाई दिलाई पाऊँ भन्ने समेतको प्रतिवादी चार्ल्स शोभराज गुरुमुख (CHARLES SOBHRAJ GURMUKH) को यस अदालतमा २०६६।४।८ मा दायर भएको पुनरावेदनपत्र ।

यसमा यसै लगाउको यिनै पुनरावेदक प्रतिवादी भएको फौ.पु.नं.३३५३ को कर्तव्य ज्यान मुद्दामा पुनरावेदन अदालतले ठहर गर्दा आधार लिइएकै तथ्य र निष्कर्षलाई नै मुख्यतः आधार मानी प्रस्तुत मुद्दामा पुनरावेदन अदालतले पुनरावेदकलाई कसूरदार ठहराई निष्कर्षमा पुगेको देखिएको र सो कर्तव्य ज्यान मुद्दामा यिनै पुनरावेदकको पुनरावेदन परी विपक्षी झिकाई विचाराधीन रहेको देखिँदा प्रस्तुत मुद्दा पनि सो परिप्रेक्ष्यबाट अन्तरप्रभावी भै पुनरावेदन अदालतको फैसला फरक पर्न सक्ने अवस्था हुँदा छलफलको निमित्त अ.वं.२०२ नं.को प्रयोजनार्थ महान्यायाधिवक्ताको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने समेतको यस अदालतको मिति २०६६।७।११ को आदेश ।

## बहस खण्ड

नियमबमोजिम पेश हुन आएको प्रस्तुत मुद्दामा पक्ष विपक्षका विद्वान कानून व्यवसायीहरूले प्रस्तुत गर्नु भएको बहस जिकीरको सार संक्षेप देहाय बमोजिम रहेको छः-

**पुनरावेदक प्रतिवादीको तर्फबाट**

**वरिष्ठ अधिवक्ता श्री लक्ष्मीबहादुर निराला :-**

प्रतिवादी चार्ल्स गुरुमुख शोभराज (CHARLES GURMUKH SOBHRAJ) ले जाली राहदानी प्रयोग गरी १९७५ मा नेपाल प्रवेश गरेको भन्ने कुराको कुनै प्रमाण छैन । सो राहदानी वरामद भएको पनि छैन । जाली राहदानी प्रयोग गरिएको भनिएका हलैण्डका नागरिक HENRICUS BINTANJA बास्तविक व्यक्ति हो वा सो नामबाट अर्को व्यक्ति प्रवेश गरेको हो, त्यो प्रमाणित हुनुपर्छ । वादीले HENRICUS BINTANJA भन्ने व्यक्ति नै यी प्रतिवादी भएको प्रमाणित हुने कुनै Valid प्रमाण पेश गर्न सकेको छैन । प्रतिवादी नेपाल आई होटलमा वसेको भन्ने Guest Registration Card सक्कल नभएको र त्यस्तो Guest Registration Card नभए पनि Guest registration भएको हुनुपर्नेमा सो समेत नभएको अवस्थामा वादी पक्षले पेश गरेको त्यस्ता परिस्थितिजन्य प्रमाणलाई प्रमाणको रुपमा लिन मिल्दैन । त्यस्ता Evidence लाई अर्को वास्तविक Evidence ले पुष्टि गरेको हुनुपर्छ । तसर्थ प्रस्तुत मुद्दामा चार्ल्स गुरुमुख शोभराज (CHARLES GURMUKH SOBHRAJ) नै HENRICUS BINTANJA हो भन्ने त्यस्तो Linkage युक्त कुनै तथ्ययुक्त प्रमाण नभएको हुँदा प्रतिवादीले सफाई पाउनु पर्छ ।

**अधिवक्ता श्री रामप्रसाद श्रेष्ठ :-**

प्रतिवादी चार्ल्स गुरुमुख शोभराज (CHARLES GURMUKH SOBHRAJ) कुन राहदानी लिएर नेपाल कसरी प्रवेश गरे र नेपाल प्रवेश गर्दा निजले भिषा थप्ने, डलर साट्ने लगायतका काम के कहाँ कसरी गरेका हुन् भन्ने प्रमाणित गरिनु पर्ने हुन्छ । तर त्यस्ता प्रमाण कागजात अभियोजन पक्षबाट पेश गर्न सकेको मिसिलबाट देखिँदैन । प्रतिवादी नेपाल प्रवेश गर्दा जाली राहदानी प्रयोग गरेको भए यतिका वर्षपछि आएर मुद्दा नचलाई सोही बखत कारवाही हुनु पर्ने हो । यसरी ३२/३३ वर्ष पहिले नेपाल प्रवेश नगरेको व्यक्तिको हकमा कुनै वस्तुगत प्रमाण बेगर खडा गरिएका परिस्थितिजन्य प्रमाणको आधारमा मात्र कसूर कायम गर्न मिल्दैन । शङ्काको सुविधा अभियुक्तले पाउने नै हुँदा प्रतिवादीले पूर्ण रुपमा सफाई पाउनुपर्छ ।

**अधिवक्ता श्री लोकभक्त राणा :-**

अभियोगपत्रमा प्रतिवादी नेपाल प्रवेश गरेको भन्ने नै नहुँदा दावी वाहिर गई निर्णय गर्न मिल्दैन । दावी नै नभएको कुरामा सजाय हुन सक्दैन । यी प्रतिवादीले HENRICUS BINTANJA को पासपोर्ट प्रयोग गरेको भन्ने छ, तर सो व्यक्तिलाई नबुझी फैसला गरेको त्रुटिपूर्ण छ । कर्तव्य ज्यान मुद्दामा पेश भएको Guest Registration Card लाई जाली राहदानी मुद्दामा प्रमाणमा लगाउन नमिल्ने र त्यस्तो Card को कुनै प्रमाणिकता समेत नभएको हुँदा प्रतिवादीले सफाई पाउनुपर्छ ।

**अधिवक्ता शकुन्तला थापा :-**

प्रस्तुत मुद्दा ज्यान मुद्दाको प्रतिवेदनमा आधारित छ । तर सो मुद्दाको प्रतिवेदनको आधारमा प्रस्तुत मुद्दा चल्न सक्दैन । HENRICUS BINTANJA का नामबाट नेपाल प्रवेश गरेको व्यक्ति नै चार्ल्स गुरुमुख शोभराज (CHARLES GURMUKH SOBHRAJ) हुन भन्ने आधार केही छैन । चार्ल्स गुरुमुख शोभराज २०३२ सालमा हेनरिकस विन्टान्जा (HENRICUS BINTANJA) का नामबाट नेपाल आएको भनी ३० औं वर्ष पछि Hypothetical Evidence को आधारमा कसूर कायम गर्न नमिल्ने हुँदा सफाई पाउनु पर्छ ।

**अधिवक्ता श्री रामवन्धु शर्मा :-**

जाली राहदानीको अभियोगपत्र हेर्दा विन्टान्जा हेनरिकस (BINTANJA HENRICUS) को नाममा जारी भएको हलैण्डको राहदानी र फ्रान्समा जारी भएको भनिएको राहदानी नम्वर छ, तर निज कहिले कुन महिना कति गते नेपाल प्रवेश गरेको हो सो खुल्दैन । वादी पक्षले ७ अप्रिल १९७५ मा जारी भएको भनिएको राहदानी नै पेश गर्न सकेको छैन । नेपाल नै नआएका प्रतिवादी ३२/३३ वर्ष अगाडी नेपाल आएको र होटलमा बसेको भने तापनि सो समयमा होटलमा वसेको Guest Registration Card तत्कालीन समयको नभई २०६० साल पछि बनाइएको हो । सो

Guest Registration Card को सक्कल प्रति नभएको र प्रतिलिपी पेश गरेको हुँदा त्यस्तो नक्कलले सक्कलको स्थान ग्रहण गर्न नसक्ने हुँदा प्रमाणमा लिन मिल्दैन । प्रतिवादीउपर कर्तव्य ज्यान मुद्दा चलाउन राहदानी कीर्तेको प्रसंगसम्म उठाइएको हो । होटेलका गेष्ट रजिष्ट्रेशन कार्ड भनी होटलमा सक्कलै नभएका कार्डको फोटो सिर्जना गर्नु र भारतमा कुनै मुद्दामा सावित भएको भन्ने पत्रिकाको हल्लाको भरमा नेपाल आएको भनी पुष्टि हुन सक्दैन । प्रतिवादी सन् १९७५ मा नेपाल नआएका र २००३ मा मात्र आएको भन्ने निजको भनाई हुँदा निज प्रतिवादीलाई सफाई दिइनु पर्छ ।

**वादी नेपाल सरकारका तर्फबाट**

**सह-न्यायाधिवक्ता श्री कृष्णप्रसाद पौडेलः-**

प्रतिवादी चार्ल्स गुरुमुख शोभराज अन्तर्राष्ट्रिय स्तरको Criminal हो भन्ने कुरा Interpol समेतले खोजी गरी रहेकोबाट प्रष्ट हुन्छ । यी प्रतिवादी आफ्नो नामबाट मात्र नभई विभिन्न नामबाट हिड्ने गरेको पुष्टि भएको छ । यी प्रतिवादीले विन्टान्जा हेनरिकस (BINTANJA HENRICUS) नामको passport बाट नेपाल प्रवेश गरेको र त्यस बखत सोल्टी हाटेलमा बसेको कुरा Guest Registration Card मा गरेको हस्ताक्षर तथा निज प्रतिवादी पछि नेपाल प्रवेश गर्दा गरेको हस्ताक्षर मिल्छ भन्ने विशेषज्ञले दिएको रायबाट पुष्टि भई रहेको हुँदा पुनरावेदन अदालतबाट भएको फैसला सदर कायम हुनुपर्छ ।

**उप-न्यायाधिवक्ता श्री श्रीकृष्ण भट्टराई :-**

प्रतिवादी सन् १९७५ मा नेपाल आउँदा हेनरिकस विन्टान्जा (HENRICUS BINTANJA) को नामबाट आएको र सोल्टी होटलमा बसेको, २३ डिसेम्बरमा भक्तपुरको साँगामा लरेन्ट क्यारीयरे (LAURENT CARRIERE) को र मनोहरा खोलामा कोनिजो ब्रोन्चीज (CONNIE JO BRONZICH) को हत्या गरी निज लरेन्ट क्यारीयरे (LAURENT CARRIERE) को पसपोर्ट प्रयोग गरी बैंकक गई सोही

पासपोर्टबाट पुनः नेपाल आएको अवस्था छ । निज सोल्टी होटलमा बस्दा भरेको Guest Registration Card निजले नै भरी दस्तखत गरेको र अहिले सन् २००३ मा नेपाल आएर गरेको दस्तखत एक आपसमा मिले भिडेको अवस्था विशेषज्ञको रायबाट देखिएको छ । यी प्रतिवादीको नाममा सन् १९७५ मा नेपाल प्रवेश गर्नु अघि इन्टरपोलले रेड कर्नर जारी गरेको अवस्था छ । यी प्रतिवादी कहिले एलेन गोटिएर कहिले हेनरिकस विन्टान्जा कहिले लरेन्ट क्यारीयरे त कहिले चार्ल्स शोभराज जस्ता नामका Passport प्रयोग गरी अपराध गर्दै हिँड्ने व्यक्ति भएको र भारत तथा बैंककमा समेत अपराध गरेको अवस्था देखिन्छ । भारतमा सजाय समेत पाएका प्रतिवादीले विभिन्न नामबाट Passport प्रयोग गरे पनि निज एकै व्यक्ती भएको हुँदा प्रतिवादीले सन् १९७५ मा नेपाल प्रवेश गरेको अवस्थामा जाली राहदानी प्रयोग गरेको श्रृंखलावद्ध रुपमा पुष्टि हुन गएको हुँदा पुनरावेदन अदालतबाट भएको फैसला नै सदर कायम हुनुपर्छ ।

उपरोक्त बहस जिकिरको समर्थनमा दुबै तर्फका विद्वान कानून व्यवसायीहरुले लिखित बहसनोट समेत पेश गर्नु भएको रहेछ ।

## ठहर खण्ड

आज निर्णय सुनाउन तोकिएको प्रस्तुत मुद्दामा उपर्युक्त बमोजिम पुनरावेदक प्रतिवादी र प्रत्यर्थी वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका विद्वान कानून व्यवसायीहरूले गर्नु भएको वहस सुनी दुवै पक्षका तर्फबाट पेश भएको लिखित वहसनोट तथा मिसिलबाट देखिएको तथ्य र प्रतिवादीउपर लगाइएको अभियोग दावीको सम्बन्धमा शुरु अदालतबाट भएको फैसला उल्टी गरी पुनरावेदक प्रतिवादीलाई सजाय गरेको पुनरावेदन अदालत पाटनको फैसला मिलेको छ, छैन र पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकीर पुग्न सक्ने हो वा होइन ? भन्ने सम्बन्धमा नै निर्णय दिनु पर्ने हुन आएको छ ।

निर्णय तर्फ विचार गर्दा प्रतिवादी चार्ल्स गुरुमुख शोभराज (CHARLES GURMUKH SOBRAJ) ले सन् १९७५ अप्रिल ७ मा S 486920 बाहक BINTANJA HENRICUS को नाममा जारी भएको हल्याण्डको जाली राहदानी प्रयोग गरी आफ्नो नाम, उमेर, राष्ट्रियता ढाँटी झुठा विवरण दिई त्यस्तो जाली राहदानी प्रयोग गरी नेपाल अधिराज्य भित्र प्रवेश, उपस्थिति र नेपाल अधिराज्यबाट प्रस्थान गरेको भनी किटानी जाहेरी परी केन्द्रीय प्रहरी वैज्ञानिक प्रयोगशालाको परीक्षण एवं मिसिल संलग्न अन्य कागजातहरूबाट सो तथ्य पुष्टि हुन आएको हुँदा निज प्रतिवादीले अध्यागमन ऐन, २०४९ को दफा ५(१) र (२) को बर्खिलाप कसूर अपराध गरेकोले सोही ऐनको दफा १०(१) बमोजिम हदैसम्म सजाय हुन मागदावी लिई प्रस्तुत मुद्दाको अभियोगपत्र दायर भएको देखिन्छ । यी पुनरावेदक प्रतिवादीले शुरु जिल्ला अदालतमा आरोपित कसूरमा इन्कार रही आफू यसभन्दा अघि हेनरिकस बिन्टान्जाको नामबाट आफ्नो नाम र राष्ट्रियता समेत ढाँटी नेपाल नआएको भनी बयान गरी शुरुबाट अभियोगपत्र नै खारेज हुने ठहऱ्याई फैसला भएकोमा पुनरावेदन अदालतले सो फैसला सदर गरेको देखिन आउँछ । पुनरावेदन अदालतको उक्त फैसलाउपर दुवै पक्षको यस अदालतमा मुद्दा दोहोऱ्याई हेरी पाऊँ भन्ने निवेदन परेकोमा शुरु तथा पुनरावेदन अदालतले दावीको सम्बन्धमा इन्साफ नबोली दावी नै खारेज गर्ने गरेको कार्य कानूनको गलत व्याख्या गरी गरेको भनी शुरु फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला बदर गरी प्रतिवादीले जाली राहदानी प्रयोग गरी नेपाल प्रवेश गरे नगरे सम्बन्धमा पुनः इन्साफ गर्न मिति २०६५।९।२९ मा पुनरावेदन अदालतमा मिसिल पठाउने निर्णय भएकोमा तत्पश्चात् पुनरावेदन अदालतले यी प्रतिवादीले २०३२ साल पौषमा जाली राहदानी (अर्काको नाउँको) प्रयोग गरी नेपाल प्रवेश गरेको तथ्य प्रमाणित भएकाले निजलाई अभियोगपत्र माग दावीबमोजिम अध्यागमन ऐन, २०४९ को दफा ५(१) र (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १०(१) बमोजिम १ वर्ष

कैद र रु. २,०००।- जरिवाना हुने ठहऱ्याई गरेको फैसलाउपर प्रस्तुत पुनरावेदन परेको देखियो ।

यी पुनरावेदक प्रतिवादीउपर २०३२ साल पौष तदनुसार सन् १९७५ डिसेम्बरमा हेनरिकस विन्टान्जाको नामको जाली राहदानी प्रयोग गरी नेपाल प्रवेश गरेको भनी अभियोग लगाइएको छ । उक्त समयमा विदेशीहरू सम्बन्धी ऐन, २०१५ तथा विदेशी सम्बन्धी नियम, २०३२ लागू रहेको देखिन्छ । साविकमा बहाल रहेको उक्त विदेशीहरू सम्बन्धी ऐन, २०१५ बमोजिम भए गरेका काम कुराहरू अध्यागमन ऐन, २०४९ को दफा १९(२) ले यसै ऐन अनुरुप नै भए गरेको मानिने भनी सो ऐनबमोजिम भए गरेका कुराहरूलाई पछिल्लो ऐनले बचाउ गरी रहेको हुँदा साविकको कसूरका सम्बन्धमा पनि अध्यागमन ऐन, २०४९ बमोजिम कारवाही चलाउन मिल्ने हुन्छ भनी यस अदालतबाट मिति २०६५।९।२९ मा भएको निर्णयमा नै बोलिसकेकाले एक पटक निर्णय निरुपण भई सकेको सो कानूनी प्रश्नका सम्बन्धमा हाल पुनः विचार गरिरहनु पर्ने अवस्था देखिएन ।

अब, प्रतिवादीले २०३२ साल पौषमा जाली (अर्काको नामको) राहदानी प्रयोग गरी नाम, उमेर, राष्ट्रियता समेत ढाँटी झुठो विवरण दिई नेपालमा प्रवेश गरेका हुन् वा होइनन् भन्ने मूल प्रश्नका सम्बन्धमा विचार गर्नुपर्ने हुन आएको छ । वि.सं. २०३२ साल पौष ८ गते विहान अमेरिकी नागरिक कोन्नी जो ब्रोन्जिच (CONNIE JO BRONZICH) को लाश कोटेश्वर नजिक भक्तपुर जाने बाटो स्थित मनहरा खोला छेउमा फेला परेपछि सो सम्बन्धमा गरिएको अनुसन्धानको सिलसिलामा निगरानीमा राखिएका हल्याण्डबाट जारी भएको राहदानी नं. S 486920 प्रयोग गरी नेपाल आई तत्कालीन होटेल सोल्टी ओवेराय समेतमा हेनरिकस विन्टान्जा (HENRICUS BINTANJA) को नामले बसेका तिनै व्यक्तिले हाल फ्रेञ्च राहदानी नं. 02YI 18667 बाहक चार्ल्स शोभराज गुरुमुख (CHARLES SOBHRAJ GURMUKH) को राहदानी प्रयोग गरी नेपाल प्रवेश गरेको भनी यी प्रतिवादीउपर अभियोग मागदावी

लिइएकोमा प्रतिवादीले काठमाडौँ जिल्ला अदालतमा बयान गर्दा आफूले कुनै पनि फौज्दारी अभियोगमा सजाय नपाएको, आफू प्रथम पटक १ सेप्टेम्बर २००३ मा मात्र काठमाडौँ एयरपोर्टबाट नेपाल आएको, सोल्टी ओवेरायमा र मल्ल होटलमा भरेको गेष्ट रजिष्ट्रेशन कार्डमा भएको सहिछाप आफ्नो नभएको, विशेषज्ञले एकिन राय नदिएको र सम्भाव्यता व्यक्त गरेको हुँदा उक्त Opinion आफैंमा Valid नभएको र HENRICUS BINTANJA को नामको पासपोर्ट प्रयोग गरी नेपाल नआएको भनी कसूरमा पूर्णतः इन्कार रहँदै बयान गरेको पाइन्छ ।

अभियोगपत्रमा दावी लिइएको HENRICUS BINTANJA को नामको जाली राहदानी २०३२ साल पौषमा प्रयोग गरिएको भन्ने उल्लेख भएको देखिएको र सोही जाली राहदानी प्रयोग गर्ने व्यक्ति यी प्रतिवादीले फ्रान्सबाट जारी भएको राहदानी लिई सन् २००३ को सेप्टेम्बर १ मा नेपालमा प्रवेश गरेको भनी निजउपर प्रस्तुत मुद्दाको कारवाही चलाएको देखिन्छ । यसै लगाउको सम्वत् २०६२ सालको फौ.पु. नं.३३५३ को यिनै पुनरावेदक प्रतिवादी विरुद्ध वादी नेपाल सरकार भएको कोन्नी जो ब्रोन्जिच (CONNIE JO BRONZICH) को हत्या सम्बन्धी कर्तव्य ज्यान मुद्दाको अभियोगपत्र समेतबाट तत्कालीन सोल्टी ओवेराय होटेलमा HENRICUS BINTANJA को नामले बसेका र अनुसन्धान टोलीले निगरानीमा राखी पासपोर्ट चेकजाँच गर्नको लागि सो होटलमा जानु भन्दा अगावै उक्त होटेलबाट भागेको व्यक्ति चार्ल्स शोभराज हुन् भन्ने उल्लेख भएको देखिन्छ । शंका गरिएका निज व्यक्ति होटल व्यवस्थापक समेतलाई थाहा नदिई भागेको कारणबाट तत्कालीन सोल्टी ओवेराय होटेलमा HENRICUS BINTANJA को नामले बसेका व्यक्तिको राहदानी प्राप्त वा बरामद हुन सकेको देखिँदैन । यद्यपि उक्त कर्तव्य ज्यान मुद्दाको अनुसन्धानको क्रममा HENRICUS BINTANJA को नामबाट सोल्टी होटेलमा र मल्ल होटेलमा बसेको व्यक्तिको नामबाट भरेको Guest Registration Card को अनुसन्धान टोलीका फोटोग्राफरले फोटो खिची फोटो थान ४६ र सोको निगेटिभ प्रहरी फोटोग्राफी शाखा अपराध

अनुसन्धान विभागमा एल्वम नं. ४।१ मा अभिलेख गरी राखेको भनी महानगरीय प्रहरी परिसर काठमाडौँले २०६५।३।२३ मा च.नं. ७८०२ को पत्रबाट महान्यायाधिवक्ताको कार्यालयलाई उक्त फोटोहरू पठाई यस अदालतलाई वोधार्थ पत्र दिएको देखिन आउँछ ।

तत्कालीन सोल्टी होटलमा हेनरिकस विन्टान्जाको नामले बसेको व्यक्तिले उक्त होटलमा सन् १९७५ को डिसेम्वर १८ तारीखदेखि २३ तारीखसम्म बसेको भन्ने कुरा सो व्यक्तिले होटलको चार्जसमेत नतिरी भागेको भनी तत्कालीन सोल्टी ओवेराय होटलको व्यवस्थापनले बैंकक स्थित Royal Netherlands Embassy लाई सन् १९७६ जुन महिनामा पत्र पठाएको भन्ने १४।१०।२००३ मा Interpol Wellington n] Interpol Kathmandu लाई पठाएको कागजबाट समर्थित भएको देखिएको छ ।

प्रतिवादीले सन् १९७५ मा नेपाल आउँदा जाली राहदानी प्रयोग गरी आएका हुन् होइनन् भन्ने कुराको सन्दर्भमा तत्कालीन होटल सोल्टी ओवेरायमा भरेको ६४४९ नं.को Guest Registration Card र मल्ल होटलमा HENRICUS BINTANJA को नामले वसेका व्यक्तिले भरेको ०११९ नं.को Guest Registration Card मा भएको दस्तखत तथा अहिले फ्रेंच पासपोर्टमा नेपाल आउँदा निजले प्रयोग गरेको राहदानीमा भएको हस्ताक्षर तथा प्रतिवादीको नमूना दस्तखत परीक्षण गर्न अध्यागमन विभागले केन्द्रीय प्रहरी वैज्ञानिक प्रयोगशालामा पठाएको देखिन्छ । उक्त प्रयोगशालाबाट वि. सं. २०६०।६।२१ मा Guest Registration Card मा भएका दस्तखत लामो समयको अन्तरालमा भएको भए पनि केही समानताहरू पाइएको र सम्भवत एकै व्यक्तिको हुनसक्ने भनी (There is a considerable gap between the time interval of markings of signatures marked Q1 and Q2 when compared with the specimen signature (bearer signature in passport) however there are few similarities in the execution of signatures such as: manner of execution of initial letter what appears all letter 'S', starting of the signature; horizontal stroke at the ending of the signature with downward movement; nature and placement of under-

scoring and habit of putting i dot. These observations indicates that there are common writing characteristics in signature on page 3 of French Passport No. 02YI18667 and signature marked Q1 and Q2 that suggest the **probability of common authorship)** राय दिएको देखिन्छ ।

उक्त राय दिने विशेषज्ञ प्र. ना. नि. उदय जंगबहादुर राणालाई अदालतले झिकाई वकपत्र गराउँदा निज विशेषज्ञले २०६०।६।२१ मा आफू समेतले राय प्रतिवेदन दिएको स्वीकार गर्दै विधि विज्ञानको सिद्धान्त अनुसार अक्षरमा पाइने गुण र विशेषताको आधारमा वैज्ञानिक उपकरणको मद्दतले विवादित र नमूनामा भएको पासपोर्टको हस्ताक्षर भिडाई प्रतिवेदन तयार गरिएको भनी उल्लेख गरेको पाइन्छ । विवादित हस्ताक्षर परीक्षण गरी राय दिने विशेषज्ञले आफ्नो रायका सम्बन्धमा अदालतमा उपस्थित भै बकपत्र गरेको स्थितिमा प्रमाण ऐन, २०३१ को दफा २३(७) बमोजिम त्यस्तो रायलाई प्रमाणमा लिन मिल्ने नै हुन्छ ।

जहाँसम्म सक्कल Guest Registration Card मा रहेको हस्ताक्षरसँग नभिडाई फोटोकपीसँग जाँच गराइएको कानून अनुकूल नभई प्रमाण योग्य नहुने भन्ने पुनरावेदकको जिकीर र निज तर्फका विद्वान कानून व्यवसायीको तर्क छ सो सम्बन्धमा हेर्दा होटल सोल्टी ओवेरायमा बस्दा हेनरिकस विन्टान्जाले भरेको Guest Registration Card उक्त होटलको कब्जा र स्वामित्वको कागजात रहेको र निज विन्टान्जा होटलको वील नतिरी आफ्नो सामान होटलमा नै छाडी भागी गएको र सो वीलको रकम असूल तहसील गर्न होटल स्वयंले दुतावासमार्फत कारवाही गरी रहेकोले प्रमाण स्वरुप सो Guest Registration Card आफ्नो कब्जाबाट प्रहरीलाई दिन अस्वीकार गर्नु स्वाभाविक रहेकोले उक्त Guest Registration Card को सक्कल सो अवस्था मिसिलमा नरहनु अस्वाभाविक छैन । हाल प्रस्तुत मुद्दाको सन्दर्भमा उक्त Guest Registration Card होटल व्यवस्थापनसँग माग गर्दा करीब १२ वर्ष अघि होटलको व्यवस्थापन र नाम समेत परिवर्तन भई सकेको र १९७५ सालको उक्त Guest Registration Card पुरानो व्यवस्थापनको समयमा नष्ट गरिएको हुन सक्ने भनी जवाफ दिएको पाइन्छ । तर अनुसन्धानको क्रममा सोही समयमा उक्त Guest

Registration Card को कैमराबाट फोटो खिची अनुसन्धानको लागी सो हस्ताक्षरको फोटो तथा सोको निगेटिभ सुरक्षित राखेकोमा हाल यी प्रतिवादी चार्ल्स शोभराज फ्रेन्च पासपोर्टमा २००३ मा नेपाल आउँदा सो पासपोर्टमा रहेको निजको हस्ताक्षरसँग उक्त Guest Registration Card मा रहेको हेनरिकस विन्टान्जाको हस्ताक्षरको फोटोसँग भिडाई जाँच परीक्षण गरिएको कार्यलाई अस्वाभाविक एवं अन्यथा भन्न मिल्ने हुँदैन ।

त्यसमा पनि सो Guest Registration Card को फोटो वि. सं. २०३३ साल आषाढ महिनामा नेपाल प्रहरी अपराध अनुसन्धान शाखाको वुलेटिनमा समेत समावेश गरिएको प्रमाणको रुपमा प्राप्त सो बुलेटिनबाट देखिन्छ । यसरी २०३३ सालमै प्रकासित भएको सो व्यहोरालाई प्रतिवादी पक्राउ परेपछि खडा गरिएको प्रमाण हो भन्न सकिने अवस्था देखिँदैन । प्रमाण ऐन, २०३१ को दफा ३५ मा लिखत प्रमाण सम्बन्धी व्यवस्था गरिएको पाइन्छ । उक्त दफाको उपदफा (१) मा **"कुनै लिखत वा लिखतमा उल्लेख भएको कुरा सो लिखत नै पेश गरी प्रमाणित गर्नुपर्छ"** भन्ने उल्लेख भएको छ भने उपदफा (२) मा **"उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थामा कुनै लिखत वा लिखतमा उल्लेख भएको कुनै कुरा सो लिखतको फोटो, प्रतिलिपी वा कानूनबमोजिम प्राप्त रीत पूर्वकको नक्कल वा मौखिक प्रमाणद्वारा प्रमाणित गर्न सकिनेछ"** भन्ने तथा खण्ड (ग) मा **"लिखत हराएको वा नासिएको प्रमाणित भएमा"** भन्ने उल्लेख भएको पाइन्छ । प्रस्तुत विवादमा प्रमाणको रुपमा पेश भएको Guest Registration Card को सक्कल फेला पर्न नसकेको कारण सो हराएको वा नासिएको अवस्था मान्नुपर्ने हुन्छ । सक्कल लिखत हराएको वा नासिएको अवस्थामा मौकैमा खिचिएको फोटोलाई प्रमाणको रुपमा पेश गर्न प्रचलित कानूनले मान्यता दिएको हुँदा अपराध अनुसन्धानको सन्दर्भमा अभिलेख गरी राखिएका ती Guest Registration Card का फोटाहरूलाई प्रमाण ऐनको उक्त कानूनी व्यवस्थाबमोजिम प्रमाणमा लिन मिल्ने नै देखिँदा फोटो प्रमाणमा लिन मिल्दैन भन्ने पुनरावेदन जिकीर तथा पुनरावेदक तर्फका कानून व्यवसायीहरुको बहससँग सहमत हुन सकिएन ।

यसैगरी लगाउको कर्तव्य ज्यान मुद्दामा एस.पी.चन्द्रवीर राईले मिति २०३३।४।२० मा यी पुनरावेदक प्रतिवादी चार्ल्स शोभराज समेतलाई नेपाल सुपुदर्गी गर्नका लागि भारत सरकारसमक्ष लेखापढी गर्न भनी तत्कालीन गृह पञ्चायत मन्त्रालयमा दिएको प्रतिवेदनमा अन्य कुराका अतिरिक्त वि. सं. २०३२।९।६ तदनुसार २१ डिसेम्वर १९७५ मा साँगा भञ्ज्याङ्गमा लरेन्ट आरमण्ड क्यारियरे र वि. सं. २०३२।९।८ तदनुसार २३ डिसेम्वर १९७५ मा मनहरा खोला छेउमा कोन्नी जो ब्रोन्जिचको हत्या सम्बन्धमा होटल सोल्टी ओवेरायको कोठा नं. ४१५ मा बसेका हिन्द-चीन अनुहारसँग मिल्दोजुल्दो एक युवक र निजको साथमा रहेकी एक युरोपियन केटीलाई निगरानीमा राखी सोधपुछ गर्दा भियतनामी युवकले आफ्नो नाम HENRICUS BINTANJA र केटीले कुकी हेमकर (COCKY–HEMKER) तथा आफू दुवै जना हलैण्डका नागरिक भएको बताएका, HENRICUS BINTANJA समेतसँग सोधपुछ जारी राखी ठोस सवूद र पर्याप्त शंकाको अभावले गर्दा हिरासतमा राख्न नमिली सोल्टी होटलमा नै बस्न दिई सामान्य निगरानीमा राखिएकोमा २७ डिसेम्वर राती १० वजेसम्म दुवै जना कोठामा रहेको थाहा भएको, त्यसपछि कतिवेला निस्के थाहा नभएको, सन् १९७६ मे ७ र ८ को बैंकक पोष्ट मगाई हेर्दा त्यहाँ एलेन गोटियर जो काठमाडौंमा हेनरिकस विन्टान्जाको नामले बसेको थियो र मोनिक लेक्लर्क जो यहाँ कुकी हेमकरको नामले वसेकी थिइन्, निजहरूलाई खोजी रहेको कुरासहित फोटोसमेत प्रकाशित भएको, हाल नेपाल इन्टरपोलद्वारा भारतीय दिल्ली इन्टरपोललाई दिएको सूचनाको आधारमा अन्य तीन जना विदेशीसहित एलेन गोटियर तथा मोनिक लेक्लर्कलाई दिल्ली पुलिसले गिरफ्तार गरेको समाचार प्राप्त भएको, उक्त समाचार अनुसार निज एलेन गोटियरको वास्तविक नाम चार्ल्स शोभराज तथा मोनिक लेक्लर्कको वास्तविक नाम मेरी एण्ड लुसी लेक्लर्क भन्ने थाहा भएको हुँदा निजहरुलाई उक्त कर्तव्य ज्यान मुद्दाको अनुसन्धानका लागि सुपुदर्गी माग गर्नुपर्ने भन्ने समेत व्यहोरा उल्लेख गरेको पाइन्छ ।

नेपालमा भएको उक्त घटना लगत्तै भारतमा पक्राउ परी फोटो सहित प्रकाशित समाचारबाट सोल्टी ओवेराय होटलमा हेनरिकस विन्टान्जाको नामबाट बसेका व्यक्ति पुनरावेदक प्रतिवादी चार्ल्स शोभराज नै हुन् भन्ने यकिन गर्न सफल भएका निज चन्द्रवीर राईले हाल यस अदालतसमक्ष उपस्थित भई लगाउको ज्यान मुद्दामा गरेको बकपत्रमा समेत निजले मिति २०३३।४।२० मा दिएको प्रतिवेदन व्यहोरा वास्तविक भएको भन्दै २०३२ सालमा नेपाल आउँदा सोल्टी होटलमा बसेको र भारतमा पक्राउ परेको एलेन गोटियर भन्ने चार्ल्स शोभराज गुरुमुख (CHARLES SOBHRAJ GURMUKH) भन्ने व्यक्ति यिनै प्रतिवादी हुन् । निज सोल्टी होटलमा बसेको वेला सादा पोसाकमा रहेको प्रहरीलाई बाहिर ढोकामा निगरानीको लागि राखेकोमा पछाडी ढोकाबाट फरार भएको हो भन्ने समेत उल्लेख गर्दै यी प्रतिवादी नै पहिले नेपालमा आएका व्यक्ति हुन् भनी साक्षी सरह किटानी वकपत्र गरेको अवस्था छ । पुनरावेदक प्रतिवादी चार्ल्स शोभराज हेनरिकस विन्टान्जाको नामबाट सोल्टी होटलमा नवसेको भए निज विरुद्ध झूठा बकपत्र गरी दोषी हुन् भन्नु पर्ने सम्मको कुनै कारण विद्यमान रहेको देखिँदैन । पुनरावेदक प्रतिवादीको विरुद्धमा प्रमाणमा लगाउन मिल्ने उक्त बकपत्र समेतका प्रमाण अन्यथा हुन वा बकपत्र गर्ने मानिसहरुसँग पुनरावेदकको पूर्व रिसइवी वा अन्य कुनै पूर्वाग्रह थियो भनी स्वयं पुनरावेदक एवं निज तर्फका विद्वान कानून व्यवसायीहरुले जिरहको माध्यमबाट ठोस र वस्तुनिष्ठ रुपमा खण्डन गर्न सकेको नपाइँदा पुनरावेदक प्रतिवादी उपरको अभियोग दावी शंका रहित तवरबाट पुष्टि हुन आएको छ ।

यसका अतिरिक्त यी पुनरावेदकले पछिल्लो पटक सन् २००३ मा नेपाल प्रवेश गर्दा अध्यागमन कार्यालयमा भरेको विवरणमा सोल्टी ओवेराय होटलमा बस्ने भनी उल्लेख गरेको देखिन्छ । तर पुनरावेदक नेपाल आउनु अगावै सो होटलको व्यवस्थापन र नाम समेत करीब १२ वर्ष अघि नै परिवर्तन भै सोल्टी क्राउन प्लाजामा रुपान्तरण भैसकेको भन्ने देखिन आउँछ । यसरी हाल अस्तित्वमा नै नरहेको तर सन् १९७५ मा

रहेको सोल्टी ओवेरायमा बस्ने भनी पुनरावेदक प्रतिवादीले उल्लेख गरेबाट पनि तत्कालीन समयमा हेनरिकस विन्टान्जाको नामबाट सोल्टी ओवेरायमा बस्ने व्यक्ति पुनरावेदक चार्ल्स शोभराज नै थिए भन्ने तर्क संगत रुपमा अनुमान गर्नु पर्ने हुन्छ। त्यसमा पनि सोल्टी ओवेरायमा वस्ने भनी अध्यागनमा विवरण उल्लेख गरेर पनि पुनरावेदक तत्कालीन सोल्टी ओवेरायबाट हाल सोल्टी क्राउन प्लाजामा परिणत भएको होटलमा नबसी होटल गार्डेनमा बसेबाट निजले यस पटक नेपाल आउँदा समेत ब्यहोरा ढाँटेको प्रष्ट हुने हुँदा पुनरावेदकको साविकको आपराधिक आदत प्रमाणित भएको देखिन आउँछ। उल्लिखित सबै तथ्यको विवेचना र विश्लेषणबाट हेनरिकस विन्टान्जाको नामबाट १९७५ को डिसेम्बर १८ देखि २३ सम्म होटेल सोल्टी ओवेरायमा बसेको व्यक्ति यिनै चार्ल्स शोभराज रहेको भन्ने प्रथम दृष्टिमा नै स्थापित भैरहेको देखिन आउँछ।

यसको अलावा अमेरिकन नागरिक कोन्नी जो ब्रोन्जिच (CONNIE JO BRONZICH) को हत्या भएको कर्तब्य ज्यान मुद्दामा पुनरावेदक प्रतिवादी चार्ल्स शोभराज गुरुमुखले आरोपित कसूर गरेको ठहऱ्याई भएको शुरु काठमाडौं जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत पाटनको फैसला सदर हुने ठहरी यिनै पुनरावेदक प्रतिवादी विरुद्ध प्रत्यर्थी वादी नेपाल सरकार भएको यसै लगाउको संवत् २०६२ सालको उक्त फौ.पु.नं ३३५३ को कर्तव्य ज्यान मुद्दामा आज यसै इजलासबाट फैसला भएको अवस्था छ। सो मुद्दामा विवेचित आधार प्रमाणबाट समेत पुनरावेदक प्रतिवादी चार्ल्स गुरुमुख शोभराज सन् १९७५ को डिसेम्बरमा हल्याण्डका नागरिक हेनरिकस विन्टान्जाका नाउँमा जारी भएको माथि उल्लिखित राहदानी प्रयोग गरी नेपाल प्रवेश गरेको थियो भन्ने तथ्य प्रमाणित भै रहेको छ।

त्यसै गरी उक्त कर्तब्य ज्यान मुद्दामा मृतक कोन्नी जो (CONNIE JO BRONZICH) को शवलाई पहिचान गरी सनाखत गरिदिने अष्ट्रेलियन नागरिक KIRSTY MARION MACMILLAN ले मौकामा गरिदिएको कागजमा अन्य कुराका

अतिरिक्त कोन्नी जोले हामीलाई सोल्टी ओवेरायमा एउटा भियतनामी ज्वेलर र उसकी फ्रेन्च स्वास्नी पनि भेटेको र तिनिहरुलाई पटक–पटक भेट्न सोल्टी ओवेराय गएको भनेकी थिइन भनी ब्यहोरा लेखाएको देखिन्छ *("She mentioned to us that she had met a Vietnemese jeweller and his friend wife who were staying at Soaltee Oberoi. I know she visited them at that hotel.")*। यी पुनरावेदक प्रतिवादी चार्ल्स गुरुमुख शोभराज भियतनामी मूलका फ्रेन्च नागरिक रहेको र निजकी पत्नीको रुपमा मेरी लेक्लर्क पनि निजको सँगसाथमा होटल सोल्टीमा बसेको देखिएबाट निज कृष्टि मैकमिलनको कथन तथ्यमा आधारित भई यी प्रतिवादी चार्ल्स शोभराज नै हेनरिकस विन्टान्जाको रुपमा रहेको तथ्य स्थापित रहेको पाइन्छ । निज क्रिस्टी मैकमिलनलाई मृतकले निजको मृत्यु हुनु पूर्व बताएको सो कुरा निज क्रिस्टीले घटनाको तत्काल पछि लगाउको ज्यान मुद्दाको अनुसन्धानको क्रममा व्यक्त गरेको देखिँदा क्रिष्टी मैकमिलनको उक्त कथन प्रमाण ऐन, २०३१ को दफा १० (१) (क) बमोजिम प्रमाणको लागी ग्राह्य छ । यी प्रतिवादीउपर उक्त ज्यान मुद्दाको वारदात हुँदैको अवस्था २०३३।६।७ तदनुसार २३ सेप्टेम्बर १९७६ मा दायर भएको अभियोगपत्रमा नै हेनरिकस विन्टान्जा को नामबाट नेपालमा बसेको एलेन गोटियर भन्ने चार्ल्स शोभराज गुरुमुख भन्ने उल्लेख गरेको देखिन आएबाट समेत यस तथ्यको थप पुष्टि भएको छ ।

यी पुनरावेदक प्रतिवादी उपर भारतीय अदालतहरुमा चलेका मुद्दा र सो मुद्दासँग सम्बन्धित बयानहरु समेत लगाउको कर्तब्य ज्यान मुद्दामा वादी पक्ष एवं स्वयं यी पुनरावेदक प्रतिवादी पक्षका कानून व्यवसायीहरुले समेत लिखित बहसनोट साथ पेश गरेको अवस्था छ । ती मध्ये भारतको सर्वोच्च अदालत Supreme court of India बाट The state (Delhi Admn) Versus Charles Sobraj alias Allen भएको Criminal Appeal No 479 of 1981 को मुद्दामा November 1993 मा भएको निर्णयको प्रतिलिपि रीतपूर्वक प्रमाणित भई पेश गरिएको छ । जसमा चार्ल्स शोभराजको नाम "चार्ल्स शोभराज भन्ने एलेन" Charles Sobraj alias Allen भनी

उल्लेख भएको उक्त भारतीय सर्वोच्च अदालतको निर्णयमा उल्लिखित व्यहोराबाट देखिएको छ । त्यस्तै यिनै पुनरावेदकका कानून व्यवसायीले वहसनोटका साथ दिल्ली उच्च न्यायालय High Court of Delhi बाट Charles Sobhraj alias Allen versus The state भएको Criminal Appeal No. 53 of 1979 को मुद्दामा ११ मार्च १९८० मा फैसला भएको निर्णयको प्रतिलिपि पेश गरिएको छ । सोही वहसनोट साथ यी पुनरावेदकका कानून व्यवसायीले साउथ दिल्ली स्थित लाजपतनगर प्रहरीथानामा चार्ल्स शोभराजले गरेको वयानको प्रतिलिपी संलग्न गरेको देखिएकोछ । उक्त बयानमा आफू, मोनिक र अजय डिसेम्बर १९७५ मा बैंककबाट काठमाण्डौंसम्म यात्रा गरेको, विन्टान्जाको नामबाट यात्रा गरे नगरेको सम्बन्धमा हाल सम्झना नभएको तर, श्रीमान, श्रीमती विन्टान्जाको नामबाटै होटल सोल्टी ओवेरायमा मोनिकसँगै बसेको, प्रहरी प्रमुखले मेरो पासपोर्ट हेर्न खोजेको भनी प्रहरीले बताएको र **आफूसँग विन्टान्जाको नामको जाली पासपोर्ट भएको कारण** झमेलामा परिने ठानी सामानहरु होटलमै छाडी मोनिक र अजय सहित सडक मार्ग हुँदै भारत तर्फ भागेको भन्ने समेत व्यहोरा उल्लेख गरेको पाइन्छ । यी पुनरावेदक प्रतिवादी चार्ल्स शोभराजले दिल्लीको लाजपतनगर प्रहरी समक्ष गरेको उक्त बयानको प्रस्तुत मुद्दासँग सम्बन्धित केही अंश देहाय बमोजिम रहेको छ :-

> *In the month of Dec. 1975, I, Ajai, and Monique travelled from Bangkok to Kathmandu by flight. I do not remember if I travelled in the name of Mr.Bintanja, I do not remember if she travelled in the name of a Dutch-girl. She and I stayed in Oberoi Hotel and Ajai stayed in a guest house. I know and remember that in the hotel I stayed in the name of Mrs. & Mr. Bintanja. There on the same day I asked Ajai to get one passport of one gentleman a foreigner. He brought for me one passport two three days later of our arrival in Kathmandu. After, he also brought one another woman's and one man's passport. Name I do not*

*remember. I travelled on one of these passports from Kathmandu to Bangkok and Bangkok to Kathmandu. ...As inspector had told me that next day his chief may like to check up my passport and then I could go. As I was having a forged passport in the name of Bintanja, So, I along with Ajai and Monique left Kathmandu...*

त्यसै गरी LUKE SOLOMEN को मुद्दामा पक्राउ परेकी मोनिक लेक्लर्क (MONIQUE LECLERC) ले दिल्ली स्थित लाजपतनगर थानामा दिएको बयानमा पनि सन् १९७५ डिसेम्बरमा आफू, अजय र एलेन भन्ने पुनरावेदक प्रतिवादी चार्ल्स शोभराजसँग बैंककबाट काठमाडौं आई बसेको भनी लेखाई दिएको पाइन्छ । निजले भारतमा गरेको बयानको प्रस्तुत मुद्दासँग सम्बन्धित केही अंश यस प्रकार रहेको छः-

*I, Alain and Ajay Chaudhari flew to Kathmandu from Bangkok in Dec.1975. Before that Alain had brought 15 passports from Ann's apartment as what he told me. … Before I flew to Kathmandu, my visa was finished and on my asking to get me visa from my embassy, he brought one passport with my photograph affixed on it and it was in the name of a Dutch girl whose name I do not remember. When we reached to Kathmandu we went to Hotel Oberoi and there Alain wrote his name as Bentenja Henricus and myself as Dutch girl.... On this night, Alain and I were in Oberoi Hotel on 28th Dec., 1975, Alain, Ajay and I took a private taxi, left our luggage in the hotel room and started by taxi. In the evening at about 9.30 p.m. we reached Raksol check post at night…*

यस प्रकार पुनरावेदक प्रतिवादी चार्ल्स शोभराज हेनरिकस विन्टान्जाको नामबाट सोल्टी ओवेराय होटलमा बसेको, प्रहरीहरुले सोधपुछ गरेको हुँदा सामान होटलमा नै छाडी भारत तर्फ भागेको भनी बयानमा उल्लेख गरेको व्यहोराबाट यी पुनरावेदक प्रतिवादी चार्ल्स शोभराज हेनरिकस विन्टान्जाको नामबाट नेपालमा प्रवेश

गरी केही समय नेपालमा नै बसी भारत तर्फ प्रस्थान गरेको भन्ने प्रष्ट हुन आएको छ ।

त्यस्तै, थाइलैण्डको बैंकक स्थित Kenit Apparment मा बस्ने एलेन गोटियर भन्ने व्यक्तिले सो Appartment मा ११ डिसेम्बर १९७५ मा बस्न आएका डच नागरिक Mr.H.Bintanja तथा Miss Cocky Hemkar लाई १५-१६ डिसेम्बर १९७५ को राती अजय चौधरीको सहयोगमा हत्या गरी जलाई दिएको र निज मृतकहरुको पासपोर्टमा Allan Goutier र मोनिक लेक्लर्कले आ-आफ्नो फोटो टाँसी २ दिन पछि काठमाडौं भागी गएको भनी निज चार्ल्स शोभराज पक्राउ परी निजउपर भारतमा मुद्दा चली रहेको अवस्थामा थाइलैण्ड सरकारले अपराधी सुपुदर्गी (Extradition) को माग गरी निवेदन दिँदा भारत सरकारबाट नियुक्त मजिस्ट्रेटको अनुसन्धानबाट सो देखिएकोमा आफू सुपुर्दगी हुन नहुने भनी यी चार्ल्स शोभराजले नै दिल्ली हाइकोर्टमा रिट निवेदन दिएको भन्ने Crl.Writ No. 224 of 1985 को रिटमा उक्त हाइकोर्टबाट १२।१२।१९८५ मा रिट निवेदन खारेज गर्ने निर्णय भएको भन्ने पुनरावेदक Charles Gurumukh Sobhraj Vs. Union Of India (UOI) and others भएको पुनरावेदकका कानून व्यवसायीहरुले लगाउको कर्तव्य ज्यान मुद्दाको वहसनोट साथ संलग्न गरेको उक्त रिटको निर्णय प्रतिलिपिबाट देखिएको छ । यसबाट पनि पुनरावेदक चार्ल्स शोभराज सन् १९७५ मा हेनिरकस विन्टान्जाको नामबाट नेपाल आएको भन्ने देखिन आउँछ । उक्त फैसलामा उल्लेख भए अनुसार हेनरिकस विन्टान्जा भन्ने व्यक्तिको निजै एलेन गोटियर द्वारा अजय चौधरीको सहयोगमा थाइलैण्डमा हत्या भइसकेको भन्ने देखिन्छ । तर निज हेनरिकस विन्टान्जा नामको व्यक्ति हत्या पश्चात उक्त फैसलामा उल्लेख भए बमोजिम अर्थात १८ डिसेम्बर १९७५ मा बैंकक काठमाडौं हवाई उडान बाट काठमाडौं आई होटल सोल्टी ओवेरायमा बसेको देखिन्छ ।

कुनै मृत व्यक्ति एक स्थानबाट अर्को स्थानमा यात्रा गर्न, बसोबास गर्न र मानिससँग सम्पर्क गर्न समेत नसक्ने हुँदा उक्त मृत व्यक्तिको नाम र पासपोर्ट प्रयोग

गरी अरु नै कुनै व्यक्ति कुनै सुनियोजित वा अपराधिक उद्देश्यले छद्मनाम प्रयोग गरी नेपालमा आएको तथा सोल्टी ओवेरायको कोठा नं. ४१५ मा बसेको भन्ने कुरा तर्कसंगत रुपमा अनुमान गर्न सकिन्छ । त्यस्तो व्यक्तिले आफ्नो असली पहिचान र अपराधिक कार्यको प्रमाण लोप गर्ने र आफूलाई सजायको भागी हुनबाट बचाउने कुत्सित मनसायबाट नै आफूले मारेको व्यक्तिको नाम, पासपोर्ट र पहिचान प्रयोग गरेको हुनसक्छ । हेनरिकस विन्टान्जाको नामबाट नेपालमा प्रवेश गरेको एलेन गोटियर भन्ने मानिस नै होटल सोल्टीको कोठा नं.४१५ मा बसेको भन्ने प्रस्तुत मुद्दामा अभियोजन पक्षको कथन छ । सो होटल सोल्टी ओवेरायको उक्त कोठामा बस्ने हेनरिकस विन्टान्जाले Guest Registration Card भरी हस्ताक्षर गरेको र सोमा जनिए अनुसार निज हलैण्डका नागरिक भई १८ डिसेम्बरदेखि ऐ. २३ डिसेम्बर १९७५ सम्म उक्त होटलमा बसेको देखिँदा निज हेनरिकस विन्टान्जा भनिएको व्यक्ति सो समय काठमाडौंमा नै मौजूद रहे भएको स्पष्ट छ ।

पुनरावेदक प्रतिवादीले निजउपर भारतमा चलेको कारवाहीको क्रममा गरेको उल्लिखित बयान समेतको आधारमा प्रस्तुत मुद्दाको सन्दर्भमा कसूर स्थापित गर्न नमिल्ने भनी प्रतिवादी तर्फका विद्वान कानून व्यसायीहरूले जिकीर उठाउनु भएको देखिन्छ । भारतमा LUKE SOLOMEN को हत्या सम्बन्धमा चलेको मुद्दाको सन्दर्भमा त्यहाँको अदालतबाट प्रमाणित भएको नक्कल वादी नेपाल सरकार र स्वयं प्रतिवादीको तर्फबाट रहेका कानून व्यवसायीबाट लिखित बहसनोट साथ लगाउको कर्तब्य ज्यान मुद्दामा पेश भएको देखिँदा उक्त कारवाहीहरु काल्पनिक हुन् भन्ने देखिँदैन । प्रमाण ऐन, २०३१ को दफा ३ मा **"अदालतले मुद्दामा ठहर गर्नु पर्ने कुरा र त्यस्तो कुरासँग सम्बद्ध कुराको मात्र प्रमाण बुझ्न हुन्छ"** भन्ने व्यवस्था भएबाट कानून अनुरुप प्रमाणको रुपमा पेश गरिएका कुराहरूको मुद्दामा सम्बद्धता छ वा छैन भन्ने विषय अदालतले निर्धारण गर्न सक्ने नै देखिन आयो । त्यसैगरी दफा ६ को देहाय खण्ड (च) मा **"कुनै विदेशी राज्यको सरकारबाट वा त्यस्तो सरकारबाट अधिकारप्राप्त**

**अधिकारीबाट प्रकाशित भएको भन्ने जनिएको सो राज्यको कानून वा अदालतको निर्णय छापिएको पुस्तक वा पत्रिकामा प्रकाशित भएको त्यस्तो कानून वा निर्णय सही रुपमा प्रकाशित भएका छन् भनी अदालतले अनुमान गर्नेछ"** भन्ने उल्लेख भएको पाइन्छ । सोही ऐनको दफा १५ को उपदफा (१) मा **"कुनै विदेशी राज्यको सरकार वा त्यस्तो सरकारबाट अधिकारप्राप्त व्यक्ति वा संस्थाबाट सो राज्यको कानून वा अदालतको निर्णयको सम्बन्धमा प्रकाशित पुस्तकमा उल्लेख भएका त्यस्तो कानून वा निर्णय सम्बन्धी कुराहरू प्रमाणमा लिन हुन्छ"** भन्ने उल्लेख भएको छ । सो कानूनी व्यवस्थाबाट विदेशी अदालतमा चलेका मुद्दाको कारवाहीसँग सम्बन्धित आधिकारिक निकायबाट प्राप्त लिखतलाई अदालतले विचार गर्न नसक्ने गरी वर्जित गरेको नदेखिँदा त्यसलाई प्रमाणमा लिन हुँदैन भन्ने पुनरावेदन जिकीर र पुनरावेदक तर्फका कानून व्यवसायीहरुले बहसको क्रममा उठाउनु भएको जिकीरसँग सहमत हुन सकिएन ।

यी पुनरावेदक प्रतिवादीले सन् १९७५ को डिसेम्वर १८ मा हेनरिक विन्टान्जाको नामबाट जाली राहदानी प्रयोग गरी बैंककबाट नेपाल आई सोल्टी ओवेराय होटलमा बसी भारततर्फ प्रस्थान गरेको भन्ने समेत अभियोग भएकोमा निजले सो मिति र समयमा नेपाल नआएको भन्ने सम्म वयान गरेको देखिए पनि उक्त अवधि वा सोको अघि वा पछि निज कहाँ थिए सो भन्न तथा सो लाई पुष्टि गर्ने कुनै प्रमाण दिन सकेको निजको वयानबाट खुलाउन सकेको देखिँदैन । कुनै अभियोग लागेको अभियुक्तले कसूर सम्बन्धी कुरामा सावित भएको वा इन्कार गरेको निजको कथनले मात्र निजको पक्ष वा विपक्षमा स्वतः प्रमाणको स्थान ग्रहण गर्दैन । बरु सो साविती वा इन्कारी वयानलाई कुनै आधारभूत, तथ्यपरक एवं निश्चयात्मक प्रमाणबाट समर्थित गराउन पर्ने हुन्छ । प्रमाणबाट समर्थित भए मात्र अदालतले सो कथनलाई निर्णयको आधार बनाउन सक्ने हुन्छ । कुनै प्रमाण बिनाको इन्कारी वयान अर्थहीन र प्रयोजनहीन हुन्छ र यस्तोमा निज प्रतिवादीका विरुद्ध संकलित अप्रत्यक्ष प्रमाणलाई पनि निजका विरुद्ध अदालतले प्रमाणमा ग्रहण गर्नु पर्ने हुन्छ । साथै कुनै अभियुक्तले

वारदातको समयमा आफू घटनास्थलमा नभई अन्यत्र छु भनी अन्यस्थल (Alibi) को जिकीर लिन्छ भने सो जिकीरलाई प्रमाणित गर्ने भार पनि निज अभियुक्त उपर नै रहन्छ । यस्तो अन्यस्थल (Alibi) को जिकीर तथ्यपरक, निश्चयात्मक तथा लिखतको प्रमाणबाट समर्थित हुन सके मात्र सो जिकीर लिने व्यक्तिको पक्षमा प्रमाणयोग्य हुन सक्ने हुन्छ र सो जिकीर त्यस्तो निर्विवाद र तथ्यपरक प्रमाणबाट स्थापित हुन नसके त्यस्तो जिकीर लिने व्यक्तिका विरुद्ध नै प्रमाण लाग्न जान्छ । प्रस्तुत मुद्दामा यी प्रतिवादी चार्ल्स शोभराज मृतक कोन्नी जोको हत्या भएको समयमा अर्थात प्रस्तुत अभियोग दावीमा उल्लेख भएको सन् १९७५ डिसेम्वर १८ देखी २३ सम्म हेनरिकस विन्टान्जाको नामबाट आफू नेपालमा नरहेको भन्ने मात्र वयानमा उल्लेख गरेको देखिएको तर सो अवस्था निज कहाँ कुन देशमा वा कुन स्थानमा थिए भनी स्पष्ट र विश्वासप्रद तवरबाट भन्न नसकेको स्थितिमा निजको सो इन्कारी कथनलाई अदालतले प्रमाणयोग्य मान्न नमिल्ने हुन्छ । माथि प्रकरण प्रकरणहरुमा गरिएको विश्लेषणहरुबाट लगाउको कर्तव्य ज्यान मुद्दाको हत्याको वारदात घटेको समयमा पुनरावेदक प्रतिवादी हेनरिकस विन्टान्जाको नामबाट नेपालमा नै रहेको हुँदा निजले कसूरमा संलग्न नरहेको भनी लिएको अन्यस्थल (Alibi) को जिकीर स्वतः खण्डित भएको पाइन्छ ।

जहाँसम्म होटल सोल्टी ओवेरायको गेष्ट रजिष्ट्रेशन कार्डमा हेनरिकस विन्टान्जाको नामबाट गरिएको हस्ताक्षर र यी पुनरावेदक प्रतिवादी चार्ल्स शोभराज पछिल्लो पटक नेपाल आउँदा प्रयोग गरेको फ्रेन्च राहदानीमा गरिएको हस्ताक्षर समान रहेको भनी विशेषज्ञले सम्भावनासम्म व्यक्त गरेको भन्ने पुनरावेदक तर्फका विद्वान अधिवक्ताहरूले जिकीर लिनु भएको छ, त्यस तर्फ विचार गर्दा उक्त गेष्ट रजिष्ट्रेशन कार्ड र फ्रेन्च राहदानी दुवैमा भएका हस्ताक्षरमा लेखकको लेखन शैली, अक्षरका वनौट र गुणहरूमा समानता देखिएको र केहि मात्रामा सामान्य अन्तर भए पनि एकै व्यक्तिद्वारा समयको ठूलो अन्तरालमा गरिएको हस्ताक्षर हुँदा सो कारणबाट हस्ताक्षर गर्नेको लेखन शैलीमा सामान्य भिन्नता भएकोलाई अस्वाभाविक भन्न मिल्ने हुँदैन ।

यस्तोमा सामान्य भिन्नता भएको अक्षरको वनौट, लेखन शैली र गुणमा अधिकांशतया समानता देखिएको हुँदा विशेषज्ञको रायलाई अन्यथा सम्झन मिल्ने हुँदैन ।

अतः माथि विवेचना गरिए बमोजिम यी पुनरावेदक प्रतिवादी चार्ल्स गुरुमुख शोभराजले हल्याण्डका नागरिक हेनरिकस विन्टान्जाको नामको राहदानी प्रयोग गरी सन् १९७५ डिसेम्वर तदनुसार २०३२ साल पौषमा जाली राहदानी (अर्काको नाउँको राहदानी) प्रयोग गरी नेपाल प्रवेश गरेको तथ्य प्रमाणित भएको भनी शुरुको फैसला उल्टी गरी निज प्रतिवादी पुनरावेदकलाई अभियोगपत्र माग दावीबमोजिम अध्यागमन ऐन, २०४९ को दफा ५ (१) र (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १०(१) बमोजिम वर्ष १ (एक) वर्ष कैद र रु. २,०००।- (दुई हजार रुपैयाँ) जरिवानासमेत हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०६६।२।२१ को फैसलामा तथ्यको विवेचना, प्रमाणको मूल्यांकन, अपराधको निर्धारण र सजायको उद्घोषण समेतमा कुनै त्रुटी विद्यमान रहेको नदेखिँदा सो फैसला सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकीर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी फैसलाको जानकारी थुनामा रहेका प्रतिवादीलाई दिई मिसिल नियमानुसार बुझाई दिनू ।

न्यायाधीश

उक्त रायमा मेरो सहमति छ ।

न्यायाधीश

इजलास अधिकृतहरुः- नारायणप्रसाद सुवेदी
दीपककुमार दाहाल
श्रीप्रसाद संजेल

इति सम्वत् २०६७ साल श्रावण १४ गते रोज ६ शुभम्............................. ।

कम्प्युटरः अमिररत्न महर्जन र विदूषी रायमाझी